**सम विकास केन्द्र (EDC) नेपाल, डोटी**

# स्थानिय अधिकार कार्यक्रम

## अर्ध वार्षिक प्रगती प्रतिवेदन

## जनवरी देखि जुन, २०२३

**प्रतिवेदन तयार गर्ने :**


नरेन्द्र बहादुर वि.क.

कार्यक्रम संयोजक

सम विकास केन्द्र (ईडिसि) नेपाल, डोटी


**प्रतिवेदन प्राप्त गर्ने:**


सुनिता तिवारी

कार्यक्रम अधिकृत

एक्शनएड नेपाल

# सहभागिमूलक चिन्तन् मनन् प्रक्रिया (PRRP)
# अर्धवार्षिक प्रतिवेदन
# जनवरी देखि जुन २०२३

## प्रतिवेदनको विषय सूचि

### १. परिवेश विश्लेषण

सामाजिक, राजनैतिक तथा आर्थिक अवस्थालाई विश्लेषण गरि प्रमुख परिवर्तनहरूसँग सन्दर्भ मिल्ने परिवेशलाई मात्र राख्ने । हाम्रो कार्यक्रमलाई कुनै रुपमा असर पुऱ्याउने परिवर्तनमा जोड दिने ।

सम विकास केन्द्र (ईडिसि) नेपाल, डोटीले गरिब, दलित, महिला, सिमान्तकृत तथा पछाडि पारिएका समुदायलाई आफनो अधिकारको बारेमा शसक्तिकरणको माध्यमबाट सचेत बनाउदै, तिनको सवाल प्रतिको जनमत निर्माण गरि मानव अधिकारमुखि अभियान द्धारा समाज रुपान्तरण प्रकृयामा कार्य गर्दै आएको छ। एक्शनएड नेपालसंगको साझेदारीमा मानव अधिकारमुखि अभियानमार्फत महिला अधिकारका क्षेत्रमा काम गर्दै आएको छ। मुख्यरुपमा महिला अधिकारलाई केन्द्र बिन्दु बनाउदै महिला तथा बालिकाहरुको सक्षमता तथा नारीवादी नेतृत्व र उत्पादनशील भूमिका प्रबर्द्धन मार्फत् महिला तथा बालिका माथी हुने हिंसा र लैंगीक असमानता अन्त्य गर्न मुख्य प्राथमिकताको रुपमा कार्यक्रम संचालन भईरहेको छ।

कार्यक्षेत्रको राजनितिक परिवेश हेर्दा जिल्लामा बिकास योजनाका कामहरु सुचारु भईरहेका छन महिलाहरु १ देखि १६ लाख सम्मका योजनाहरुमा समेत नेतृत्व लिदै आएका छन । बिकासे योजनाका कामहरुमा महिलाहरुको नेतृत्व लिने दर बढ्दो क्रममा रहेको छ भने यस महिना देखि बस्ती स्तरका योजनाहरु छनोट हुने प्रकृया रहेको छ। हालका केहि वर्ष देखि महिलाहरुले महिला तथा बालबालिका मैत्रि, दलित मैत्रि योजनाहरु पेश गर्ने गरेका छन जस मध्ये महिलाहरुको कार्यबोझमा कमि ल्याउने , महिलाहरुको सिप बिकास गर्ने खालका योजनाहरु स्थानिय तहहरुले नै प्राथमिकतामा राखेका छन । यहि ६ महिनाको अवधिमा पनि डोटी जिल्लामा रहेको शिखर नगर पालिकाले महिलाहरुको कार्यबोझमा कमि ल्याउनको लागि कुटानी पिसानी मिल, के आई सिं गा पा ले धान चुट्ने मेसिन र महिला मैत्रि बजारको निमार्ण तथा व्यवस्थापनका लागि ५ लाख सहयोग गरेका थिए । यसका साथै दिपायल सिलगढी नगर पालिका यस अबधिमा महिलाहरुको सिप बढाउनको लागि पालिकाका ९० जना महिलाहरुलाई बिउटी पार्लर , सिलाई कटाइ तालिमका साथमा आवश्यक औजारहरु पनि उपलब्ध गराएको थियो। यस अबधिमा कार्यक्षेत्रमा रहेका तिन वटै पालिकाका अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिकहरुको हक अधिकारको लागि कार्यस्थलमा सुरक्षाका सामाग्रीहरुको व्यवस्थाका साथै श्रमिक बिमा बनाउने, पालिकाहरुमा श्रमिक अनुगमन संयन्त्र बनाउनुका साथै त्यसको प्रभावकारी कार्यान्वयनमा जोड दिदै आएका छन । यसका साथै पालिकाहरुमा रेफरल तथा GBV कोष स्थापना गर्दा हिंसामा परेका पिडित व्यक्तिहरुले सहजरुपमा सेवा लिने गरेका छन ।

यसका साथै कार्यक्षेत्रको सामाजिक परिवेश हेर्दा यस अबधिमा पुरुषहरुले घरायसि काममा सघाउने गरेका छन जसले गर्दा समुदायका ५२८ जना महिलाहरुको कामको बाडफाड हुनुका साथै उनिहरुको कार्यबोझमा कमि आएको छ भने यस जिल्लाका पुरुषहरु बाहिरी देशमा काम गर्न जाने भएको हुदाँ अधिकाशं महिलाहरुको कार्यबोझ बृद्धि नै रहेको छ। हिन्दु धर्मावलम्बीहरुमा बैशाख र जेठ महिना बिवाहका लागि निकै उत्तम मानिने भएको हुँदा समुदायमा बिवाह, वर्तबन्ध तथा भोजका कार्यक्रमहरुको चहलपहल बढेको छ। कृषकहरु बर्षे बालि धान, कोदो , भट्मास भित्र्याउने काममा निकै व्यस्त रहनुका साथै हिउँदे तरकारी बालि भित्र्याउने, बिक्री गर्ने र खुसार्नी, काका, फर्सि,लौका, मुला, भिन्टी र टमाटर जस्ता वर्षे बालीका बिउँहरु छर्ने काम व्यस्त रहेका छन। यस अबधिमा जिल्ला प्रहरी कार्यालयमा ४ वटा बहुविवाह, १६ वटा घरेलु हिंसा तथा महिला हिंसा, ८ वटा जजक र ९ वटा बालबिवाहका घटनाहरु दर्ता भई कानुनी प्रकृयामा रहेका छन । यस्ता खाले घटनाहरु न्युनिकरणको लागि सरोकारवाला सबै निकायहरुले समुदायमा सचेतनामुलक अभियानमा जोड दिएका छन । यस्ता खाले घटनाहरुको न्युनिकरण गर्न सरोकारवाला सबै निकायहरुले मेला महोत्सवको आयोजना गरेर सचेतनाका

अभियानहरु सुरु गर्ने गरेका छन । यसका साथै जिल्लामा अधिकांश परिवार गाउँ नै रितो बनाएर बसाईसराई गरी भारत जाने दर बढेको छ । यस्तो हनुको मुख्यकारण जिल्लामा आर्थिक मन्दि रहेको कुरा पत्रकारहरुले पुष्टि गरेका छन भने लघुबित्त बैंकहरुले समुदायका व्यापारी देखि बचत गर्ने बचतकर्ताहरुको लगानी डुबाएर बैंक नै बन्द गरि भागेका घटनाहरु घटेका छन । हाल उक्त लघुबित्तहरुलाई बचत कर्ताहरुले उजुरी गरेता पनि बैंक प्रमुख नै भागेका कारण उहाहरुको बचत असुली हुन सकेको छैन ।

यसका साथै कार्यक्षेत्रको आर्थिक परिबेश हेर्दा साना खाले व्यवसायमा आबद्ध केहि परिवारहरुले माषिक ५ हजार देखि २० हजार सम्म आम्दानी गर्दा उहाहरुलाई घर खर्च चलाउन र बालबालिकाहरुको स्वास्थ्य तथा शिक्षा क्षेत्रमा आवश्यक खर्च गर्न सहयोग पुगेको भएता पनि अधिकांश डोटी जिल्लाको नै आर्थिक स्थिती खस्कदो अवस्थामा रहेको छ । जसले गर्दा जिल्लामा बसेर परिवारको आर्थिक भार धान्न नसकिने भए पछि यस जिल्लाका अधिकांश पुरुषहरु भारत तथा बाहिरी देशमा जानको लागि बाध्य भईरहेका छन । जिल्लाका अन्य पालिकाहरुको तुलना कार्यक्षेत्रका ३ वटा पालिकाका तुलनामा अधिकाशं महिला पुरुषहरु सानाखाले व्यवसायमा आबद्ध रहने गरेको हुदाँ उहाहरुको जनजीवनमा सहज बनेको छ । यस अबधिमा कार्यक्षेत्रमा अज्ञात रोगले पशु तथा अन्बालिमा निकै क्षेति गरेको हुँदा किसानहरु निकै समस्या रहेका छन । पालिकाहरुद्धारा बिकासे योजनाका कामहरु भएता पनि पालिका तथा वडा द्धारा समय मै रकम भुक्तानी नहुँदा दैनिक ज्यालाद्धारी गरेर खाने परिवार निकै संकटमा रहेको छ । बालबालिकाहरुलाई कापि, कलम, झोला र जर्सि हाल्ने पैसा नहुदा कतिपय बालबालिकाहरु समय मै बिद्यालय भर्ना हुन सकेका थिएनन ।

## २. प्रमुख परिवर्तनहरू

### २.१ प्राथमिकता नं १: लैंगिक असमानता एवम महिला तथा बालिकामाथि हुने लैंगिक विभेद अन्त्य गर्न नारीबादी नेतृत्व विकाश तथा महिलाहरुको संगठन निर्माण गर्ने ।

❖ **परिवेश विश्लेषण गर्ने (हाम्रो प्राथमिकता र कामसंग सम्बन्धीत मात्र)**

समुदायमा बिकास योजनाका कामहरु तथा बन उपभोक्ता समिती, बिद्यालय व्यवस्थापन समिती, आमा समुह, शिक्षक अभिभावक संघ जस्ता समितीहरुमा महिलाहरुको प्रतिनिधित्व बढ्दो क्रममा रहेको छ । अहिले सम्म २४६ जना महिलाहरुको विभिन्न समुह समितीमा प्रतिनिधित्व रहेको छ । बस्ति तथा वडा तहहरुमा हुने योजना छनोट प्रकृयामा महिलाहरुको संलग्नता बढ्नुका साथै उक्त स्थानमा महिला तथा बालबालिका र दलित मैत्रि योजनाहरु स्थानिय तहमा पेश गर्ने गरेका छन । योजना निर्माण प्रक्रियाा तथा विभिन्न बैठक सभाहरुमा समुहका महिलाहरुको सहभागीता रहदै आएको छ । महिलाहरुको कार्यबोझमा कमि ल्याउनको लागि घरायसि कामको बाडफाड हुनुका साथै स्थानिय तह द्धारा महिलाहरुको कार्यबोझमा कमि ल्याउने योजनाहरुमा जोड दिएका छन । महिलाहरुको प्रजनन् स्वास्थ्यलाई ध्यानमा राख्दै बस्ति स्तरमा महिलाहरुले पेश गरेका योजनाहरुको सम्बोधन स्थानिय तहले गरि रहेको छ । यस अबधिमा कार्यक्षेत्रका तिन वटै पालिकाहरुमा प्रजनन् स्वास्थ्य



सिबिर संचालन भएको छ । महिला श्रमिकहरुको समान ज्याला तथा सुरक्षाका लागि स्थानिय तह जवाफदेहि हुन थालेका छन  र अनौपचारि क्षेत्रमा काम गर्ने श्रमिकहरुको बिमा बनाउनुका साथै कार्यस्थलमा सुरक्षाका सामाग्रीहरुको व्यवस्था गर्न थालेका छन । यस भन्दा पहिला श्रमिक महिलाहरुको विमा भएको थिएन । जसले गर्दा श्रमिक  महिलाहरुलाई चोट पटक लागेमा उपचार गर्न समस्या हुने गर्दथ्यो ।

❖ **प्राथमिकता १ अन्तर्गत कार्यान्वयनको प्रमुख क्षेत्रहरु**

○ **हामीले गरेको कामबाट यौन, प्रजनन् स्वास्थ्य एबम लैंगिक उत्तरदायी सार्बजनिक सेवाको सुनिश्चितता तथा प्रवर्द्धन गरी महिलाको कार्यबोझ घटाउने, पहिचान दिने तथा कार्य बिभाजनका लागि भएका नमूना वा उदाहरणिय परिवर्तनहरु के कस्ता देखिए तथा उक्त प्रभाव वा परिबर्तन ल्याउनका लागि हाम्रो भूमिका के कस्तो रह्यो ?**

यस अबधिमा डोटी जिल्लाका ८ सय घरधुरीका महिलाहरुको पाठेघरमा घाउँ हुने देखि लिएर आङ खस्ने, सेतो गन्ध आउने पानी बग्ने समस्या भएका महिलाहरु जिल्ला अस्पतालमा उपचारको लागि आएको बिवरण पश्चात समुहमा प्रजन्न स्वास्थ्य सम्बन्धि छलफल तथा सहजिकरण गर्दा समुहका अधिकांश महिलाहरुमा यो समस्या रहेको हुदा मअमले वडा तथा पालिकाहरुमा गरेको सहजिकरण पश्चात कार्यक्षेत्रका २८८ जना महिलाहरुको निशुल्क स्वास्थ्य चेकजाच भएको छ जसमा पाठेघरको समस्या भएका ७० जना महिलाहरुको अप्रेशन भएको छ भने ६५ जना महिलाहरुले पाठेघर खस्ने भएको हुदा रिङ राख्ने गरेका छन । वडा तथा पालिकाहरुद्धारा गाउँमा नै प्रजनन स्वास्थ्य सिबिर संचालन गरेको हुदा जिल्लामा उपचारको लागि लाग्ने खर्च तथा आर्थिक भार बिना नै महिलाहरुले उपचार गर्न पाएका छन ।

यसै गरि कार्यक्षेत्रका ५ वटा स्वास्थ्य चौकिको बर्थिङ सेन्टर र हाईडोलिक बेडहरु सहयोग गर्दा उक्त समुदायमा घरमा सुत्केरी हुने दर शुन्यमा रहेको छ । यस अबधि भन्दा पहिले उक्त समुदायमा स्वास्थ्य चौकि फोहोर रहने र नर्मल बेडमा सुत्केरी हुने भएको कारण सन २०२२ मा १६ जना महिलाहरु घरमा नै असुरक्षित रुपमा सुत्केरी भएका थिए । हाल सामग्री सहयोग पश्चात कार्यक्षेत्रका १४ जना महिलाहरुले सुरक्षित रुपमा सुत्केरी सेवा लिएका छन ।

यस वर्ष बाट होम डेलेभरी सेवा शुन्यमा झरेको छ । यस वर्ष बाट के आई सिंह गाउपालिकाको वडा नं. ७ मा रहेको भुमिराज स्वास्थ्य संस्थाको सहकार्यमा कार्यक्षेत्रका रहेका गर्भवती महिलाहरुलाई महिनाको एक चोटी स्वास्थ्य संस्था बाट फोन गरेर स्वास्थ्य अवस्थाको बारेमा जानकारी लिन कार्य गरेको छ । यस अवधिमा ४३ जना महिलाहरुलाई फोन मार्फत स्वास्थ्य अवस्थाको बारेमा बुझेका छन । यस अर्धवार्षिकमा कार्यक्षेत्रका ८ वटा स्वस्थ्य संस्था बाट १०५ जना महिलाहरुले सुरक्षित सुत्केरी सेवा प्राप्त गरेका छन ।

बिद्यालय तथा किशोरी समुह, महिला समुहको बैठकमा छाउपडि प्रथाका बारेमा गरिएको सहजिकरण पश्चात ६ दिन सम्म बिद्यालय नजाने श्री झिमेमालिका माध्यमिक विद्यालय, श्री दुर्गा माध्यामिक बिद्यालय र भवानी आधारभुत बिद्यालयका कक्षा ७ भन्दा माथिका सबै किशोरी तथा बालिकाहरु महिनावारी भएको समयमा बिद्यालय जाने गरेका छन भने यस अबधिमा कार्यक्षेत्रका २९८ घरधुरीका महिलाहरुले महिनावारी हुँदा दहि दुध खाने सुरक्षित स्थालनमा सुत्ने र खाना बनाउने गरेका छन ।

समुहमा गरिएको निरन्तर छलफल, सहजिकरण समुदायमा भेटघाट र सम्पत्तिमा महिलाहरुको अधिकार स्थापित गराउने उद्देश्यले यस अबधिमा समुहका १२ जना महिलाहरुले एकल र ६ जना महिलाहरुले संयुक्त लालपुर्जा बनाएका छन । जसले गर्दा समुह भन्दा बाहिरका महिलाहरुले पनि लालपुर्जा बनाउनको लागि घरपरिवारमा छलफल गर्ने र आफ्नो नाममा लालपुर्जा बनाउने संख्या ११ जना पुगेको छ । महिलाहरुको नाममा सम्पति हुदा श्रीमानले बहुबिवाह गर्ने डर नरहने र कुटपिट गरि माइतमा धपाउने डर नरहेको उहाहरुको दाबि रहेको छ ।

महिलाहरुको कार्यबोझमा कमि ल्याउनको लागि के आई सि गा पा ले ७ वटै वडाहरुमा गहुँ चुट्ने थ्रेसर ल्याएको उक्त योजना ल्याउनको लागी समुहका सदस्यहरुले सामुदायिक कार्ययोजना र महिलाको कार्यत्रोझामा कमि आउने किसिमका योजनाहरु पालिकालाई पेश गरेका थिए । भने शिखर न पा ले ४ वटा वडाहरुमा कुटानी पिसानी मिल सहयोग गर्दा ४५२ जना महिलाहरुको ३ देखि ५ घण्टा सम्म कार्यबोझमा कमि आएको छ । यस भन्दा अगाढी महिलाहरुको कार्यबोझा ३ देखि ५ घण्टा बढि रहेको थियो । यसका साथै के आई गा पा र शिखर नगरपालिकाले यस वर्षमा महिलाहरुको कार्यबोझमा कमि ल्याउनको लागि २ वटा शिशु स्याहार केन्द्र स्थापना गर्न बजेट बिनियोजन गरेको छ भने सम बिकास केन्द्र र

एक्सनएड नेपालको सहयोगमा कार्यक्षेत्रका २ वटा वडाहरुमा स्थापना गरेको शिशु स्याहार केन्द्रबाट ७० घरधुरीका श्रमिक महिलाहरुको कार्यबोझमा कमि आएको छ । यसरी महिलाहरुको कार्यबोझमा कमि आए पश्चात समुहका महिलाहरु ज्यालादारी काम लगायत बिकासे योजनाकाका कामहरुमा नेतृत्व लिने, महिलाहरुका क्षमता अभिबृद्धी हुने खालका तालिम, गोष्टी र अभियानमा संलग्न हुने अवशर प्राप्त तरेका छन । यस अघि पालिकामा महिलाहरुको कार्यबोझमा कमि ल्याउने किसिमका योजनाहरु निर्माण गर्न पालिकाका जनप्रतिनिधिहरु र कर्मचारीहरु संग अन्तरक्रिया गरिएको थियो ।



समुहमा गरिएको पञ्जिकरण सम्बन्धि छलफल पश्चात आफ्नो नागरिकताबाट बञ्चित रहदा कुनै पनि समुह समितीमा बस्न नपाएको र मोबाइलको सिम समेत किन्न नमिल्ने भए पछि भारतमा रहेका श्रीमान संग कुरा गर्ने छिमेकिको घरमा जाने गरेकि दि सि न पा ७ कि पारु बि क जस्तै कार्यक्षेत्रका ४० जना महिलाहरुले नागरिकता प्राप्त गरेका छन ।

- **हामीले गरेको कामबाट महिला बिरुद्ध हुने हिसां जस्तै छाउपडी, बालबिबाह, कुटपिट र अन्य प्रकारको हिंसा न्यूनीकरणमा के कस्तो सहयोग पुग्यो तथा के कस्ता प्रभाव तथा परिवर्तनहरु देखिए ? उक्त प्रभाव वा परिबर्तन ल्याउनका लागि हाम्रो भूमिका के कस्तो रहयो ?**

यस अबधिमा जिल्ला प्रहरी कार्यालयमा ४ वटा बहुविवाह, १६ वटा घरेलु हिंसा तथा महिला हिंसा, ८ वटा जजक र ९ वटा बालबिवाहका गरि ३७ वटा घटनाहरु दर्ता भई कानुनी प्रकृयामा रहेका छन । यस्ता खाले घटनाहरु न्युनिकरणको लागि सरोकारवाला सबै निकायहरुले समुदायमा सचेतनामुलक अभियानमा जोड दिदै सचेतनामुलक अभियानहरु संचालन भईरहेका छन । यसका साथै पालिकाहरुमा रेफरल तथा GBV कोष स्थापना गर्दा हिंसामा परेका पिडित व्यक्तिहरुले सहजरुपमा सेवा लिने गरेका छन । के आई सिं गा पा उपाध्यक्ष मिना बिष्ट भन्नुहुन्छ *“पहिले पालिकामा हिंसामा परेका महिलाहरुलाई आर्थिक सहयोग गर्दा अडिटले कमेन्ट गर्ने तथा लेखामा निकै समस्या हुने गर्दथ्यो जब हामिले सम बिकास नेपालको सहयोगमा पालिकामा GBV कोष र रेफ्रल कार्यबिधि बनायौ हाल सोहि अनुरुप काम हुने भएको हुदा हामिलाई सहज वातावरण सृजना भएको छ भने पिडितले पनि सहजरुपमा सेवा सुबिधा लिने मौका पाएका छन । यसका लागी हामीले पालिकाको न्यायिक समितीमा रहेको कर्मचारीको आवश्यक पेश्की रकम दिएका छौ जुन सुकैवेलामा पनि महिलाहरु आउनु भयो भने हामीले त्यो पेश्की रकम वाट सहयोग गर्ने गरेका छौ । रकम पेश्की लिने कुरा पनि कार्यविधिमा उल्लेख गरेका छौ”* यसका साथै मअम र महिला समुहको पहलमा कार्यक्षेत्रका ३ वटै पालिका न्यायिक समितीमा महिला तथा घरेलु हिंसा सम्बन्धि १२ वटा घटनाहरु दर्ता भई फर्चुट भएका छन ।




हिंसा पिडित महिलाहरुलाई न्यायमा पहुच पुऱ्याउनको लागी समुह समितीका सदस्यहरुलाई क्षमता विकास गरिएको छ । हिंसा पिडित महिलालाई न्याय दिनको लागी कानुनी सल्लाह, मुद्धा दर्ता गराउनमा सहयोग र महिलाहरुलाई गाउ देखि जिल्ला सम्म जानको लागी सहयोग गरिएको छ । यसै सन्दर्भमा कार्यक्षेत्रका ३ वटा पालिकाहरुमा २०२२ मा रिफ्रल गाईडनाईन बनाउनमा सहयोग गरिएको छ । उक्त निती पालिकाले पास गरेका कार्यान्वयनमा ल्याई सके पश्चात हाल हिंसा पिडीत महिलाहरुले सेवा लिन सहज भएको छ ।

यस अबधिमा बिगतका अभ्यास तथा सिकाईहरुलाई मध्ये नजर गरि अभियान संचालन गर्दा कार्यक्षेत्रमा हुने गरेका भागि बालबिवाह पनि रोक्न सफल भएका छन । के आई सिं गा पा ७ बलरगाउँका १६ वर्ष मुनीका १३ जना किशोरीहरुले एकै दिनमा भागि गरे पश्चात समुदायमा  अभिभावक तथा किशोर, किशोरीहरु संगको निरन्तर छलफल तथा सहजिकरण गर्दा यस अबधिमा उक्त वडामा भागि तथा माघि दुबै खाले बालविवाह शुन्यमा रहेको छ भने कार्यक्षेत्रका अन्य २ वटा वडाहरुमा पाि यस अबधि सम्म कुनै प्रकारका बालबिवाह भएको छैन ।

- **महिला श्रमिक तथा गृहश्रमिकहरुको पेशागत सुरक्षा तथा ज्यालाको विभेद अन्त्य गर्ने सन्दर्भमा हामीले गरेका कामहरुले के कस्तो प्रभाव वा परिबर्तन ल्यायौ ? सो प्रभाव वा परिबर्तन ल्याउनका लागि हाम्रो भूमिका के कस्तो रह्यो ?**

श्रमिक महिलाहरुको कार्ययोजना अनुरुप ज्यालामा रहेको असमानता हटाउनुका साथै अनौपचारि क्षेत्रमा काम गर्ने श्रमिक महिलाहरुको कार्यस्थलमा हुने सुरक्षा तथा सामाजिक सेवाको बारेमा स्थानिय तहहरुसंग वकालत गर्दै मे महिनामा डोटी जिल्लाका ९ वटै स्थानिय तहहरुका प्रमुख, उपप्रमुख तथा ठेकेदारहरु र ट्रेड युनियन देखि सम्पुर्ण सरोकारवाला निकायहरुको उपस्थितीमा श्रमिक महिला सम्मेलनका साथै जिल्लामा यस सम्बन्धि गरिएका निरन्तर अभ्यास पश्चात कार्यक्षेत्रका २ वटा वडाहरुमा निमार्ण सम्बन्धि क्षेत्रमा काम गर्ने श्रमिकहरुको ज्याला जिल्लाले तोकेको दर बमोजिम अर्धदक्षय श्रामिकहरुले ७ सय र दक्ष श्रमिकले १ हजारका दरले समान ज्याला पाउने गरेका छन ।

हालको अबधिमा उक्त २ वटा वडा सहित कार्यक्षेत्रका १४५ जना श्रमिकहरुको म्यादी बिमा बनेको छ । (अघिल्लो वर्ष ११३ जना) भने कार्यस्थलमा चोट लागेर हात भाचिएकि तारा पार्कि को उपचारको लागि श्रमिकहरुले आवाज उठाउदा रु २० हजार उपचार खर्च पाएकि छन र पछिल्लो समयमा ठेकेदारहरुले कार्यस्थलमा सुरक्षाका सामाग्रीहरु पनि दिने गरेका छन ।



यस मे महिनामा स्थानिय तहलाई जवाफदेहि बनाउनको लागि श्रमिक महिलाहरुले पालिकामा अनुगमन संयन्त्र हुनु पर्ने माग राखे संगै कार्यक्षेत्रका ३ वटै पालिकाहरु पालिका उपप्रमुखहरुको नेतृत्वमा ९ सदस्यि श्रमिक अनुगमन संयन्त्र बनेको छ । अनुगमन संयन्त्र पालिकाहरुको लागि अति आवश्यक रहेको महसुश रहेको तर कार्यबिधि निमार्णमा समस्या रहेको हुँदा हाल सम्म यो कार्यको थालनि नभएता पनि आगामि दिनमा यसको प्रभावकारी कार्यान्वयनमा जोड दिने कुरा जनप्रतिनिधिहरुको रहेको छ ।

पालिकाहरुसंग गरिएको निरन्तर छलफल तथा सहजिकरण पश्चात शिखर नगर पालिकाले यस वर्ष आफ्नो १ वटा पालिमामा श्रमिक बालबालिकाहरुको सुरक्षाका लागि शिशुस्याहार केन्द्र स्थापना गर्न यस  आर्थिक वर्ष २०८०/८१ को लागि १० लाख बजेट बिनियोजन गरेको छ ।

- **माथि उल्लेखित क्षेत्र बाहेक बिगत ६ महिनामा हाम्रो पहलहरु के कस्ता रहे**

**प्राथमिकता नं १ अन्तर्गत २०२३  को  पहिलो  ६ महिनामा  भएका भौतिक निर्माण तथा जिवीकोपार्जनका लागि गरिएका पहलहरु**

| क्रियाकलाप | स्थान | लाभान्वित संख्या | आर्थिक सहयोग | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | PNGO/AAN | Community | Palika | Other.... | Total |
| स्वास्थ्य संस्थाहरुलाई | के आई सिंह ४, ६, ७ | १४ सय घरधुरी | ४४७,८००। | ० | ० | ० | ४४७,८००। |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सामग्रीहरु सहयोग | शिखर न.पा. १, २, दि.सि.न.पा. ५ | | | | | | |

**प्राथमिकता नं १ अन्तर्गतका कार्यक्रमहरु यो अवधीमा संचालन गर्दा के कस्ता चुनौतिहरुको सामना गर्नु पऱ्यो ?**

- समुदायमा वाल विवाह, घरेलु हिंसा, छाउपडी प्रथा आदीका विषयमा छलफल गर्दा समुह भन्दा बाहिरका महिलाहरुले सहयोग नगर्दा अभियानलाई प्रभावकारी रुपमा संचालन गर्न कठिनाई हुनु ।
- दैनिक ज्याला दारीमा काम गर्ने श्रमिक महिलाहलाई अभियानमा संलग्न गराउन गाह्रो हुनु ।

**यी परिवर्तनबाट हाम्रा प्रमुख सिकाईहरू के कस्ता थिए र किन ?**

- समुहमा छाउपडी प्रथाको बारेमा छलफल गर्दा समुदायकै छाउपडी प्रथा नमान्ने महिलाहरुबाट सहजीकरण गर्दा परिवर्तन गर्न सहज हुने ।
- लक्षित समुदाय भन्दा बाहिरका महिलाहरुलाई पनि अभियानमा संलग्न गराउदा अभियान प्रभावकारी हुने ।

**समूदायका सरोकारवाला वा लक्षित वर्गबाट प्राथमिकता नं १ अन्तर्गत व्यक्त गरिएका भनाईहरु (Anecdotes) उल्लेख गर्ने जसले हामीले गरेको काम तथा सोको प्रभावलाई थप प्रष्ट गर्न सहयोग गर्छ । प्रत्येक भनाई उल्लेख गर्दा सो कुरा व्याक्त गर्ने व्यक्तिको नाम, समूह, ठेगाना आदि पनि उल्लेख गर्ने ।**

"दि सि न पा ४ घर भएकि सेति रिफ्लेक्ट सर्कलकि सीता पर्कि भन्नु हुन्छ *हामि श्रमिकहरुको समस्यालाई कहिले पनि स्थानिय तहले सुनुवाई गरेको थिएन । जति चोट पटक लागोस या ज्यालामा ठगि हुन परोस हामिले आफै घाटा खाएर बस्नु पर्ने अवस्था थियो । जति ठेकेदारहरुले हजारौ पैसा काम गरेको नदिदै भागे अब हाम्रो पैसा असुली हुदेन भनेर पैसाको आस नै मारेर बसेको अवस्थामा श्रमिक महिला समुहको निरन्तर बैठक तथा छलफल र तालिम गोष्टीहरुमा सहभागि हुन पाउन ।ीती नियम कानुनका कुरा सिक्न पायौ र गत वर्ष २९ जना र हाल यो वर्ष ८ जना श्रमिकहरुको पैसा प्रहरीको सहयोगमा असुली गर्न सफल भयौ । यसका साथै जिल्लाले निर्धारण गरेको ज्याला समान रुपमा पाउन थालेका छौ । होटल तथा लुगा पसलहरुमा काम गर्ने श्रमिकहरुको माषिक ज्याला ६ हजार बाट बढाएर १० हजार र कोहि होटलहरुमा श्रम नियम अनुसार कम्तिमा १५ हजार दिने बनाएका छौ । हाम्रो अभियान गाडिहरुमा काम गर्ने, कपडा पसल, होटलहरु, फर्निचरहरुमा काम श्रमिकहरुले हातेमालो*



*गर्न थालेका छन जसले गर्दा पनि हाम्रो अभियान अझै सफल हुन थालेको छ र पुर्णरुपमा श्रमिकहरुले श्रम ऐन अनुसारको सेवा सुबिधाहरु नपाउन जेल सम्म निरन्तर पनि हुने छ ।"*

"दि सि न पा ७ पाकरीमा रहेको सुजनशिल तथा हलिया समुहकि सदस्य सीता नेपाली भन्नुहुन्छ *म समुहमा बसेको ३ महिना हुन थाल्यो । यस अगाडि म श्रीमान र परिवारसंग भारतमा बस्दै आएकि थिए । श्रीमानको तलब कम रहेको र परिवार संख्या बढ्दै गए पछि भारतमा गुजरा नहुने भयो र म ५ वटा सन्तान सहित घर फर्किए । घर फर्किदा मेरो अवस्था नाजुक रहेको हुँदा समुहका दिदी बहिनीको सहयोगमा म रिफ्लेक्ट सर्कलमा त आबद्ध भए तर त्यो भन्दा अरु कुनै समितीहरु बस्न पाएन । वडा बाट पाउने सुविधा केहि पाएन बिद्यालयमा छोराछोरीको जन्म दर्ता नहुदा बिद्यालय भर्ना हुन नपाउने भए । यति सम्म कि नागरिकता नभएको कारण मैले सानो मोबाइलमा सिम निकालेर श्रीमानलाई फोन गर्न पाएन । श्रीमान संग कुरा गर्न छिमेकिको घरमा जानु गर्दथ्यो । समुहको सहजिकरणमा श्रीमान पनि भारत बाट आएर मेरो नागरिकता, बच्चाको जन्म दर्ता बनायौ । नागरिकता बनाए पछि मैले सबै भन्दा पहिले छोरा छोरीको जन्म दर्ता बनाए र मोबाइलमा*

*सिम किने हाल श्रीमान कामको सिलसिलामा भारत नै जानु भयो अहिले म आफ्नै मोबाइलबाट श्रीमानसंग कुरा गर्छु र । लघुबित्त, आमा समुह र कृषक समुह जस्ता ५ वटा समुहमा बसेकि छु वडा बाट आउने सुबिधा पनि पाइ रहेकी छु । "*

**घट्ना अध्ययन कम्तीमा २ वटा** (**घटना अध्ययन बनाउंदा सकेसम्म समूदायमा ठूलो प्रभाव देखिने खालको घटना उल्लेख गर्ने तथा घट्ना अध्ययनहरुको सहमति वा Consent अनिवार्य रुपमा संलग्न गर्ने**)

## "महेश्वरीको जिवनमा आएको परिवर्तन"

शिखर नगरपालिका वडा नं. १ कपल्लेकी वस्ने महेश्वरी मल्ल २८ बर्षकी भइन । उनका परिवारमा सासु , श्रमिान, छोरा छोरी र देवर गरि ५ जनाको परिवार रहेका छ । छोरा कक्षा ७ र छोरी कक्षा ४ मा पढ्छन् । महेश्वरीका श्रीमान काम गर्नका लागि भारत गएका थिए । भारतमा काम गर्न नसकेर भारतवाट घर फर्केका हुन । घर आएपछि दैनिक रक्सी खाएर गाँउमा घुम्ने गर्दथे ।

महेश्वरी भन्छिन् : भारतबाट काम गर्न छोडेर घर आएर दैनिक रक्सी खाने गर्नहुन्थ्यो । रक्सी खानका लागि पैसा नभएपछि घरमा खानको लागि राखेको खुर्सानी, धान, दाल समुदायमा विक्री गरि रक्सी खान थालेकाले मैले मेरो श्रीमानलाई भने दैनिक घरको खनााको लागि राखेको धान, दाल विक्री गरेर रक्सी भएपछि मैले वाल वच्चालाई खाना खुवाउन गाह्रो भएको छ । मेरो वारेमा नसोचे पनि हाम्रो छोरा छोरीको भविष्यका लागि भएपनि रक्सी नखानु भनि सम्झाउदा म भन्दा वढी जान्ने भएकी अव तइले मलाई हेपेकी भनि दैनिक कुटपिट गर्ने गरेकाले सहन नसकेर श्रीमान सुधरिन्छन की भनि मैले म वसेको लालीगुरास रिफ्लेक्ट सर्कलको छलफलमा मैले सहनु परेको हिंसाका वारे समुहका महिलाहरुलाई जानकारी दिए र समुहका महिलाहरुको सुझाव अनुसार न्यायका लागि वडा कार्यालयमा निवेदन पेश गरे र वडामा छलफल गरियो अब देखि गर्दैन भनि मेलमिलाप गरि घर आयौ र वडामा छलफल भएकै दिन रक्सी खाएर वेलुका तँइले मलाई मान्छेको सामु मेरो लाज गराई भनि फेरि कुट्नु भयो । मैले फेरि शिखर नगरपालिकामा रहेको न्यायिक समितिमा पनि निवेदन पेश गरे त्यहा पनि छलफल गरि घर आए घरमा अन्य दिन भन्दा वढी झगडा गरि छोरा छोरी र मलाई कुटपिट गरेकाले यसरी नै कुटपिट गरि मेरो छोरा छोरी र मलाई मार्न खोजेकाले मैले मेरो र मेरो वच्चाको ज्यानको सुरक्षाका लागि जिल्ला प्रहरी कार्यालयमा निवेदन दिई र यसको छलफल चलिरहेको थियो । यसै समयमा श्रीमानले रक्सी खाएको झोकमा विष खाएर आत्मा हत्या गर्नु भयो । तर घर परिवारका मान्छेले श्रीमानको हत्या गरेको आरोप लगाएर मलाई दैनिक सासु र देवरले गाली गर्न मेरो घरवाट निस्के तेरो यहा के छ भनि तनाव दिने र समुदायले पनि श्रीमान मारेको भनि हेला गर्ने र समुदायका महिला नवोल्ने गरेका थिए । तइले मेरो छोरालाई मारिस् तँ अव भिन्नदै वस भनि म र मेरा छोराछोरीहरुलाई वाहिर निकाल्नु भयो । मैले मेरा छोरा छोरीको लागि भएपनि श्रीमानको घरमै वसी यिनीहरुलाई पढाउन्छु । भनि दैनिक अरुको काम गरि ल्याएको पैसाले वच्चाहरुको कपी कलम र खाने गुजार गरि रहेको थिए । म भिन्दै वसेको १ महिला नपुग्दै सासु र देवरले मलाई घर वाट निकाली दिनु भयो र मेरो छोरा छोरीलाई आफु संग राख्नु भयो । मलाई वस्ने ठाँउ भएकाले म माइती घर गए । म माइत गएको समयमा मेरा सासुले मेरो छोरा र छोरीलाई यिनीहरुले मेरो छोरा मारेका हुन भनि तनाव दिने विद्यालय जान नदिने गरि विचल्ली वनाएकाले समुहका महिलाहरुले तेरो छोरा छोरीहरुको यँहा विचल्ली भयो घर आइज भनि खवर पठाए तर म घर आएपनि म संग वालवच्चालाई पढाउन र घर खर्चका लागि खेतीपती गर्ने जग्गा पनि छैन भएको जग्गा पनि सासु र देवरले दिन्न भनेकाले म संग वच्चाहरुलाई पाल्ने कुनै विकल्प नभएकाले मलाई सारै गाह्रो भएको थियो । म माइती घरवाट घर आए तर वच्चाहरुलाई खाना सम्म खुवाउनका लागि म संग पैसा नभएकाले मैले योजनाको काममा ज्यालादारीमा काम पाएर वच्चाको पढाईको कापी कलम र घर खर्च गरेको थिए तर योजनाको काम सधै नपाउने भएको मलाई घर खर्च चलाउन समस्या भएको समयमा सम विकास केन्द्रले १ जना समुहको महिलालाई व्यवसायका लागि सहयोग गर्ने समुहको वैठकमा छलफल भएपछि मैले आफ्नो समस्या राखेर समुहका महिलाले वाखा पालनका लागि मलाई छनौट गरियो र संस्थाले मलाई रु २५ हजार पाए र यस पैसाले मैले २ वटा व्याउने बाखा किनी वाखा पालन गरे । वाखा पालन गरेको ८ महिनामा वोका विक्री गरि १० हजार आम्दानी गरि वच्चाहरुको पढाई खर्च र घर खर्च चलाउन सहज भयो । समुहको पहलमा मैले शिखर नगरपालिकावाट २० हजार आर्थिक सहयोग पाए र सहयोग पाएको पैसाले ३ वटा वाखा किने र वाखा पालनलाई वढाए । वाखा पालनवाट राम्रो आम्दानी भएपछि म अन्य ज्यालादारी

काम छोडेर वाखा पालन गरे र मैले केही पैसा वैंकमा जम्मा गरे यसरी मैले केहि गल्ती गरि सहनु परेको पिडालाई कम गर्नका लागि सम विकास केन्द्र नेपालले ठुलो सहयोग गरेको छ र मेरो दुखका दिनहरु विस्तारै कम हुन थाले पछि मलाई समुदायका मानिसहरुले सम्मानका साथ वोल्न थाले पहिला नवोल्ने महिलाहरु अहिले वोल्न थालेका छन् । मलाई घरवाट निकाल्ने मेरा सासु र देवरले म संग माफी मागी घरमा वोलाई अहिले संगै वस्ने गरेका छौ । मेरो यस्तो अवस्थावाट मलाई वचाएर राम्रो वाटो देखाउने सम विकास केन्द्र लाई धन्यवाद दिन चाहन्छु ।

**प्राथमिकता नं १ को बजेट विवरण (जनवरी देखि जुनसम्म)**

| स्विकृत बजेट | कुल खर्च | खर्च प्रतिशत |
|---|---|---|
| ३४,२५,३८२। | १९,०८,३५०। | ५५.७१ % |

## प्राथमिकता नं २: गुणस्तरीय सार्बजनिक शिक्षालाई सबै बालबालिकाको आधारभूत अधिकारका रुपमा विकाश गर्ने ।

❖ **परिवेश विश्लेषण गर्ने (हाम्रो प्राथमिकता र कामसंग सम्बन्धीत मात्र)**

कार्यक्षेत्रका सामुदायिक बिद्यालयहरुमा निजी बिद्यालयबाट वालवालिकाहरु भर्ना हुने दर बढेको छ। यस वर्ष बिद्यायलहरुमा समय मै पाठ्यपुस्तक बितरण गरिएको हुँदा बिद्यार्थीहरुको पठनपाठनमा सहजता आएको छ । यस अवधिमा स्थानिय अधिकार कार्यक्रमको कार्यक्षेत्र दिपायल सिलगढी नगरपालिका वडा नं. ५ र वडा नं. ८ विभिन्न सामाजिक संघ संस्थाहरु र पालिकाको सहकार्यमा वालश्रम मुक्त वडाको रुपमा घोषणा गरिएको छ। बालकल्ब, युवा संजाल तथा किशोरी समुहले बार्षिक कार्ययोजना बनाई बिद्यालयहरुमा अतिरिक्त कियाकलापहरुको आयोजना गरि बाल बिवाह, छाउपडि प्रथा, लागु पदार्थ दुर्व्यसन तथा बालिका शिक्षा सम्बन्धि अभियानहरु संचालन भई रहेका छन । बालकल्ब र युवा संजालको पहलमा शिखर न पा २ मुडेगाउँमा रहेको माहाकाली माबिले कमजोर तथा फरक क्षमता भएका बालबालिकाहरुको लागि डेड घण्टा सम्मको विद्यलायमा कोचिङ कक्षा संचालन गरेको छ । दि सि न पा वडा नं ५ मा रहेको महेन्द्र आधारभुत बिद्यालयको खेल मैदान खतरा पुर्ण रहेको हुँदा शिक्षक अभिभावक संघ र बि व्य सको सहयोगमा बिद्यालय घेरबार र पर्खालको लागि ५ लाख बजेट बिनियोजन भएको छ। नेपाल सरकार तथा स्थानिय तहले सार्वजनिक बिद्यालयमा प्रयाप्त मात्रामा लगानी गर्न नसुक्नुले शिक्षाको गुणस्तरमा कमि आएको छ । युवा संजालको पहलमा जिल्लाका ९ जना वालवालिकाहरु वाल घरायसी श्रमिक बाट मुक्त गराई नियमित रुपमा विद्यालय गईरहेका छन

❖ **प्राथमिकता २ अन्तर्गत कार्यान्वयनको प्रमुख क्षेत्रहरु**

○ **बिद्यालय सुशासन तथा प्रवर्धन तथा शैक्षिक गुणस्तर अभिबृद्धि सम्बन्धि के कस्ता उपलब्धिहरु हासिल भए ? सो उपलब्धिहरु हासिल हुनमा हाम्रो भूमिका के कस्तो रह्यो ? (जस्तै बालकेन्द्रित शिक्षण सिकाइ बिधि, नागरीक शिक्षा अध्ययन प्रतिबेदन, प्रबिधिमा आधारित शिक्षण, बिद्यालय ब्यबस्थापनका संजालीकरण, सुशासन, पारर्दिशता र जवाफदेहिता प्रवर्धन, स्कूल टिकाउ दर, सीकाइ उपलब्धि )**

बालकल्ब र अभिभावकहरुको योजना अनुरुप बिद्यालयमा अनुगमन गर्दा दिवा खाजामा देखिएको जातिय बिभेदको अन्त्यका लागि बिद्यालय व्यवस्थापन र शिक्षक अभिभावक संघको बैठकको आयोजना गरि आगामि दिन यस्तो बिभेद भएमा बिद्यालय परिवारलाई नै कावार्हि हुने चेतावनी दिए पश्चात हाल उक्त बिद्यालयमा समानरुपमा बालबालिकाहरुलाई संगै राखेर खाजा दिने एउटै भाडाहरुको प्रयोग गर्ने गरेको छ । यस कार्यलाई प्रभावकारी बनाउनको लागी महिला समुह युवा संजाल तथा किशोरी समुहले नियमित रुपमा विद्यालय संग भेटघाट, विद्यार्थीहरु संग छलफल आदी गरेको थियो ।

विद्यालय सुशासन तथा प्रवर्धन तथा शैक्षिक गुणस्तर अभिबृद्धि गर्न के आई सिं गा पा ६ र ७ अन्तरगत लाटा कलारे आ बि र भुमिराज मा बि ले कक्षा १० सम्म निशुल्क शिक्षा निती अबलम्बन गरेको छ। अभिभावकहरुले शुल्क तिर्न नसक्ने गुनासो राख्दा उक्त बिद्यालयहरुले नर्सरी देखि ५ कक्षा सम्म निशुल्क अंग्रेजी माध्यमद्धारा शिक्षा दिने गरेको छ। विद्यालयमा शिक्षकहरुलाई अंग्रजी माध्यम बाट अध्यापन गराउनको लागी प्रदेश सरकार र स्थानिय सरकारले शिक्षण अनुदान बाफत रकम सहयोग गरेको छ । जसले गर्दा विद्यालयमा शिक्षकहरुलाई तलब दिनको लागी सहयोग भएको छ । यसै गरि

कार्यक्षेत्रको श्री महाकाली माध्यमिक विद्यालयले शैक्षिक वर्ष २०८० लाई सुधार वर्षको रुपमा लैजाने योजना बनाएको छ ।

विद्यालयमा वाल क्लब तथा किशोरी समुहले विद्यालयमा रहेको गुनासो पेटिकामा विद्यालयमा भएका समस्याहरुको बारेमा गुनासो हाल्दा महिनौ सम्म सुनुवाई नभए पछि विभिन्न किसिमका दवाबमुलक कार्यक्रम पश्चात कार्यक्षेत्रका ३ वटा विद्यालयहरुमा गुनासो सुनाई समिती निमार्ण गरेको छ । बिद्यालयमा आएका २ वटा गुनासाहरुलाई सम्बोधन गर्दै माहाकाली माबि ले बिद्यालयमा सेनेटरी प्याड दिनमा फोकल पर्शनले कन्जुसाई गरेको र झर्किने गरेको हुँदा हाल गुनासो सुनुवाई समितीको सुझाव बमोजिम फोकल पर्शनले किशोरीहरुलाई राम्रो व्यवहार गर्ने र आवश्यक प्याड दिने गरेको छ। लाटाकलारे आ बि मा यस वर्ष देखि साना कक्षाहरुमा प्रोजेक्टरको माध्यमद्वारा कार्टुनहरु देखाउने क, ख , A,B,C सिकाउने गरेको छ। जसले गर्दा बालबालिकाहरुको नियमितता बढेको छ।




कार्यक्षेत्रका ३ वटा विद्यालयमा रिमिडियल कक्षा संचालन पुर्व लिएको मुल्यांकन भन्दा रिमिडिएल कक्षा संचाला पछिको मुल्यांकनको तुलना गर्दा ९८ प्रतिशतका दरले बालबालिकाहरुको सिकाई बृद्धि भएको छ । रिमिडियल कक्षा बाट वालवालिकाहरुमा शिक्षकलाई प्रश्न सोध्ने र आफ्नो मनमा लागेको कुराहरु भन्ने बानिको विकास भएको छ । हामीले काम गर्ने विद्यालयहरुमा विभिन्न किसिमका अतिरिक्त क्रियाकलापहरु संचालन, वाल क्लवहरुलाई तालिम, शैक्षिक सामग्रीहरुको सहयोग र विद्यालयहरुमो भौतिक पुर्वाधारमा सहयोग बाट गत वर्ष भन्दा यो वर्ष सिकाई उपलब्धिमा बृद्धि भएको छ । का मगर्ने विद्यालयहरुको सिकाई यस वर्षको सिकाई उपलब्धि निम्न लिखित रहेको छ ।

| क्र.स. | विद्यालयको नाम | गत वर्षको सिकाई उपलब्धि | यस वर्षको सिकाई उपलब्धि |
|---|---|---|---|
| १ | श्री महेन्द्र आधारभुत विद्यालय | ५४ प्रतिशत | ५५ प्रतिशत |
| २ | श्री दुर्गा माध्यमिक विद्यालय | ५२.२६ प्रतिशत | ५७ प्रतिशत |
| ३ | श्री महाकाली मा .वि. | ६०.९ प्रतिशत | ६५ प्रतिशत |
| ४ | श्री मालिका आधारभुत विद्यालय | ५५.२५ प्रतिशत | ५५ प्रतिशत |
| ५ | श्री दुर्गा देवि. आधारभुत विद्यालय | ४८.१६ प्रतिशत | ५० प्रतिशत |
| ६ | श्री भवानी आधारभुत विद्यालय | ६२ प्रतिशत | ६३ प्रतिशत |
| ७ | श्री शोभा आधारभुत विद्यालय | ५१.३९ प्रतिशत | ५२.६६ प्रतिशत |
| ८ | श्री लाटाकलारै आधारभुत विद्यालय | ७७.२ प्रतिशत | ७८ प्रतिशत |
| ९ | श्री भुमिराज माध्यमिक विद्यालय | ५६ प्रतिशत | ५६.६९ प्रतिशत |

- **बाल सहभागिता बढाउनका लागि बालक्लव तथा युवाहरुको परिचालनका पहलबाट के कस्ता उपलब्धिहरु हासिल भए ? सो उपलब्धिहरु हासिल हुनमा हाम्रो भूमिका के कस्तो रह्यो ?**

बाल सहभागिता बढाउनका लागि बालकल्ब र युवा संजाल, स्थानिय तह ,बिद्यालय, अभिभावकहरुको पहलमा समुदाय स्तरमा बिद्यार्थी भर्ना अभियान गरिएको छ । यस शैक्षिक सत्रमा बिद्यालय छोडर ८ महिना घरमा बसेका १२ जना बालबालिकाहरु पुन: बिद्यालय भर्ना भएका छन भने ४६ जान उमेर पुगेका तर बिद्यालय भर्ना नभएका बालबालिकाहरु नयाँ भर्ना भएका छन ।

बाल सहभागिता बढाउनका लागि बालकल्ब र युवा संजालको पहलमा शिखर न पा २ मुडेगाउँमा रहेको श्री  माहाकाली मा.वि. र के आई सिंह गाउपालिकामा रहेको श्री भुमिराज माध्यमिक विद्यालयले कमजोर तथा अपांगता भएका बालबालिकाहरुको लागि डेड घण्टाको कोचिङ कक्षा संचालन गरेको छ । उक्त कक्षा संचालन पछि बालबालिकाहरुको

सिकाई बढ्दै गएको छ । पढ्न सक्दैन बिद्यालय जानुको सट्टा बरु इन्डीया पठाइदेउ भन्ने कक्षा ७ का बालक रोहन बि क अहिले बिद्यालयमा निरन्तर जान थालेका छन । कोचिङ कक्षामा शिक्षकहरुको लगनशिलता र मेहनतले बालकहरुको क्षमता बढ्दै गएको छ ।

बालकल्ब तथा युवा संजालको पहलमा शिखर न पा ३ मा रहेको भवानी आधारभुत बिद्यालयमा पनि कमजोर तथा फरक क्षमता भएका बालबालिकाहरुलाई अगाडिको बेन्चमा राख्ने तथा बेन्च बदलेर राख्ने गरेको हुँदा सबै बालबालिकाहरुले सिक्ने अवशर प्राप्त गरेका छन भने बालबालिकाहरु बिच कुनै भेदभाव नहुने गरेको हुँदा सबै बालबालिकाहरुले सहज रुपमा सिक्ने अवशर प्राप्त गरेका छन ।

यसका साथै बिद्यालयमा बिद्यार्थीहरुको सहभागिता बढाउनको लागि यस अबधिमा सम बिकास केन्द्र डोटी द्धारा स्टेशनरी र झोलाहरु सहयोग गरिएको थियो जसले गर्दा पारिवारीवारीक अवस्था कमजोर रहेका ३५ घरधुरीका बालबालिकाहरु निरन्तर बिद्यालय जाने गरेका छन ।

बिद्यालय तथा किशोरी समुह, महिला समुहको बैठकमा छाउपडि प्रथाका बारेमा गरिएको सहजिकरण पश्चात ६ दिन सम्म बिद्यालय नजाने श्री दुर्गा माध्यामिक बिद्यालय र भवानी आधारभुत बिद्यालयका कक्षा ७ भन्दा माथिका सबै किशोरी तथा बालिकाहरु महिनावारी भएको समयमा बिद्यालय जाने गरेका छन ।

दि सि न पा वडा नं ५ मा रहेको महेन्द्र आधारभुत बिद्यालयको खेल मैदान खतरापुर्ण रहेको हुँदा शिक्षक अभिभावक संघ र बि व्य सको सहयोगमा बिद्यालय घेरबार र पर्खालको लागि ५ लाख बजेट बिनियोजन भएको छ भने के आई सिं गा पा ७ मा रहेको लाटाकलारे आ बि को भौतिक पुर्वाधार मर्मतको लागि अनुदान उपलब्ध गराउन वडा, पालिका र सामाजिक बिकास कार्यालयल राजपुरमा डेलि गेसन दिए पश्चात शिक्षक अनुदान १० लाख र भौतिक पुर्वाधारको लागि ५ लाख बजेट बिनियोजन गर्दा उक्त बिद्यालयको शैक्षिक स्तरमा सुधार हुदै आएको छ ।

○ **न्यायोचित कर तथा सार्बजनिक शिक्षामा लगानी बढाउंन तथा शिक्षामा नीतिगत सुधारका लागि भएका पहलहरुबाट के कस्ता उपलब्धिहरु हासिल भए ? सो उपलब्धिहरु हासिल हुनमा हाम्रो भूमिका के कस्तो रह्यो ?**

○**माथि उल्लेखित क्षेत्र बाहेक बिगत ६ महिनामा हाम्रो पहलहरु के कस्ता रहे**

यस अवधिमा कार्यक्षेत्र शिखर नगरपालिकाको वडा नं. १ कपल्लेकी, वडा नं. २ मुडेगाउ र वडा नं. ३ र ४ मुडभरालाई साक्षर वडाको रुपमा घोषणा गरेको छ। शिखर नगरपालिकाले साक्षर वडा घोषणा गर्नु पुर्व समूदायमा यसको बारेमा सर्वे गरेको थियो। सबै भन्दा वढि साक्षरको रुपमा हामीले का मगर्ने समुदायका महिलाहरु रहेका थिए।

**प्राथमिकता नं २ अन्तर्गत २०२३ को पहिलो ६ महिनामा भएका भौतिक निर्माण तथा जिवीकोपार्जनका लागि गरिएका पहलहरु**

| क्रियाकलाप | स्थान | लाभान्वित संख्या | आर्थिक सहयोग | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | PNGO/AAN | Community | Palika | Other.... | Total |
| | | | | | | | |

**प्राथमिकता नं २ अन्तर्गतका कार्यक्रमहरु संचालन गर्दा के कस्ता चुनौतिहरुको सामना गर्नु पऱ्यो ?**

- अभिभावकहरुले देखा सिकिको लागि भए पनि बालबालिकाहरुलाई निजि बिद्यालयहरुमा भर्ना गर्ने समस्या रहेको हुँदा सार्वजनिक बिद्यालय तर्फ सबैको चासो कम हुदै जानु र शैक्षिक स्थितीमा सुधार ल्याउन गाह्रो हुनु ।

**यी परिवर्तन बाट हाम्रा प्रमुख सिकाईहरू के कस्ता थिए र किन ?**

- बिद्यालयमा बालबालिकाहरुको उपस्थिती कम हुनुका बास्तबिक कारणहरु पत्ता लगाई अभिभावक तथा बालकल्बको सहभागितामा अभियान संचालन गर्दा प्रभावकारी हुने

**समूदायका सरोकारवाला वा लक्षित वर्गबाट प्राथमिकता नं २ अन्तर्गत व्यक्त गरिएका भनाईहरु (Anecdotes) उल्लेख गर्ने जसले हामीले गरेको काम तथा सोको प्रभावलाई थप प्रष्ट गर्न सहयोग गर्छ। प्रत्येक भनाई उल्लेख गर्दा सो कुरा व्याक्त गर्ने व्यक्तिको नाम, समूह, ठेगाना आदि पनि उल्लेख गर्ने।**

के आई सिं गा पा वडा नं ७ थलि घर भएकि इन्द्रा तिरुवा भन्छिन *"म कक्षा ५ मा पढ्दै गर्दा मैले विद्यालय छोडेकि थिए। साना भाई बहिनीहरु हेर्नु पर्ने भएको हुदा मेरो उमेर ७ वर्ष पुगे पछि बल्ल कक्षा १ मा भर्ना भए। कक्षामा सबै साथीहरु भन्दा ठुली थिए। त्यस माथि बुवा भारतमा अनि आमा दिन भरि खेतिपातिको काममा र ज्यालादारी काममा व्यस्थ रहने गर्थिन। म घरको जेठि छोरी भएको हुँदा घरमा भाई बहिनीहरु हेर्ने, खाना बनाउने गाई गोरुलाई घाँस काट्ने, पानी बोक्ने जस्ता सबै काम गर्नु पर्दथ्यो। म हप्तामा ३ दिन मात्र विद्यालय जाने र गएको दिन पनि हापटाइममा घर आउने गर्दथे। मेरो पढाई निकै बिग्रदै गयो र कक्षा ५ पास हुन सकिन। ढिला विद्यालय जादा उसै पनि सबै भन्दा ठुली थिए त्यसैले मलाई दोस्रो पटक त्यहि कक्षामा बस्न लाज लाग्यो साथीहरु जिस्काउने डरले मैले विद्यालय नै छोडि दिए। अहिले भने हाम्रो गाउँमा सम किास केन्द्र द्वारा घर नजिकै खाने पानीको ५ वटा धाराहरु बनाइ दिएका छन। १ घण्टा लगाएर टाढा धारामा जाने समस्या छुटेको छ। साथै म किशोरी समुहमा पनि आबद्ध भए। साथै मेरो डर लाज सबै किशोरी समुहका साथीहरुले भगाए। विद्यालयबाट शिक्षकहरु आएर पनि मलाई सम्झाउनु भयो। पढाई भन्दा ठुलो केहि छैन भन्ने कुरा मैले वुझे र म जस्तै विद्यालय छोडेका ४ जना साथीहरु पुनः विद्यालय जान थाले पछि म अहिले विद्यालय छोडेको १ वर्ष पछि म कक्षा ७ मा भर्ना भएर पढ्दै छु र हामी जस्ता पढाइमा कमजोर रहेका बालबालिकाहरुलाई बिद्यँलयबाट डेड घण्टाको कोचिङ कक्षा पनि सुरु गरेको हुँदा अहिले पढाईमा सुधार आउदै गर्दा मेरो मनोबल बढेको छ। "*

श्री दुर्गा अधारभुत बिद्यालय पाकरीमा अध्यापन गर्ने शिक्षक बिजय बिष्ट भन्नु हुन्छ *"यस विद्यालयको ठुलो समस्या भनेको वालीकाहरु महिनावारी हुँदा बिद्यालयमा नआउने र बालकहरु साथिहरुको लैलै मा लागेर गाँजा खाएर एक ठाउँमा लट्टी राख्ने, चुरोट खाने, क्यारेमबोर्ड खेल्ने र बिद्यालय नआउने थियो। यसका साथै पास नभए पछि बिद्यालय नै छोडेर भारत जाने वा बिहे गर्ने समस्या थियो। जसले गर्दा बालबालिकाहरुको उपस्तिथी दर घट्दो अवस्थामा रहेको थियो। हाल सम बिकास केन्द्र नेपाल र यस दुर्गा माध्यमिक बिद्यालयको आयोजनामा पटक पटक प्रहरीहरुको सहयोगमा छाउपडि प्रथा र लागु पदार्थ दुर्व्यसन सम्बन्धि छलफल तथा सहजिकरण, कानुनी सचेतना, अभिभावक भेला, सचेतनामुलक नाटक र घरदैलो अभियान पश्चात यो समस्या हटेको छ। बालबालिकाहरु नियमित बिद्यालय आउने, लागु पदार्थको सेवन नगर्ने गरेका छन।"*

घट्ना अध्ययन कम्तीमा २ वटा (घटना अध्ययन बनाउंदा सकेसम्म समूदायमा ठूलो प्रभाव देखिने खालको घटना उल्लेख गर्ने तथा घट्ना अध्ययनहरुको सहमति वा Consent अनिवार्य रुपमा संलग्न गर्ने)

## "पुर्नः विद्यालय जान थाले रोहित"

कक्षा ८ मा अध्ययनरत रोहित घरको आर्थिक अवस्था कजोरका कारण लामो समय सम्म विद्यालय छोडेन वाध्य भएका रोहित पुर्नः विद्यालय भर्ना भई निरन्तर विद्यालय जान थालेका छन्।

रोहित नेपाली भर्खरै १६ बर्षका भए। उनको घर दिपायल सिलगढी नगरपालिका वडा नं. ५ बागठाटा हो। उनि दलित गरिब परिवारमा जन्मेका जेठो छोरा हुन्। उनका घरमा आमा वुवा, भाई गरि ४ जनाको परिवार रहेको छ। उनका बुवा भारतमा चौकीदारी गर्दै आएका थिए। उनका वुवाको पेटमा समय भएकाले भारतको जागिर छोडेर घर फर्कनु पऱ्यो। वुवाको जागिर नभएपछि घरको आर्थिक अवस्था कमजोर भएपछि उनकी आमा वाटु नेपालीले दैनिक ज्यालादारी काम गरि घर खर्च लगाउन थालेकी छिन्। रोहितकी आमाले दैनिक ज्यालादारी काम गरि घरखर्च चलाउन सहज भएपनि रोहित र उनका भाई रोसनलाई विद्यालयमा आवश्यक कपी, कलम किन्नका लागि गाह्रो भएकाले पढ्ने इच्छा हुदा हुदै पनि विद्यालय छोड्न वाध्य भए रोहित। *<u>रोहित भन्छन्</u> :* मलाई पढेर ठुलो मान्छे वन्ने इच्छा हुदा हुदै पनि घरको कमजोर अवस्थाका कारण विद्यालय छोड्न वाध्य भएको हुँ। मेरो वुवा भारतमा जागिर गर्ने समयमा म र मेरो भाईलाई पढनका लागि सजिलो भएको थियो। वुवाको पेटको विरामीका कारण भारतमा काम गर्न नसक्ने भएपछि वुवा घर फर्कनु भयो। वुवाको रोगका कारण काम गर्न नसक्ने भएकाले हामीलाई दैनिक गुजरा गर्न समेत गाह्रो हुनथालेपछि आमाले ज्यालादारी काम गर्नका

लागि सिलगढी जानु पर्ने र घरमा विरामी वुवाको हेरचाह गर्नका लागि मैले घरमा वस्नु पर्ने वाध्यता आयो । भाई विद्यालय जाने गरेको थियो । तर आमाको ज्यालादारी कामले मलाई र भाईको कापी कलम समेत किन्ने पैसा नहुने भएकाले मैले विद्यालय नजाने र भारत गएर काम गरि आमाले भोग्नु परेको समस्या कमी गर्छु भनि मैले भारत जाने निधो रहेका थिए । यसै समयमा सम विकास केन्द्र (ई.डि.सि) नेपालले गठन गरेको फुलवारी रिफ्लेक्ट सर्कलमा मेरो आमा सदस्य हुनुहुन्थयो । समुहको वैठकमा विद्यालय निरन्तरताका विषयमा छलफल भएको थियो । मेरी आमा समुहको सदस्य भएपनि हाम्रो घर आर्थिक अवस्था कमजोर भएकाले मैले विद्यालय छोडेको कुरा छलफल भएको रहेछ र समुहको निर्णयमा सम विकास केन्द्रले व्यवसायमा सहयोगका लागि रु २५ हजार वाखा पालनका लागि सहयोग भयो । सहयोग भएको पैसाले आमाले ३ वटा वाखा किन्नु भयो र मलाई संस्था वाट स्टेशनरी, व्याज सहयोग गरियो । मलाई विद्यालय जानेको लागि प्रोत्सान भयो र म विद्यालय जान थाले । अहिले मेरी आमाले वाखा पालन गरि राम्रो आम्दानी हुन लागेको छ । आमाले यस व्यवसायलाई लगनशिता पूर्वक लागेका कारण आज म विद्यालयमा भर्ना भई मेरो पढ्ने इच्छा पुरा भएको छ । म नियमित विद्यालय जाने गरेको छु र कक्षा ८ मा द्धितिय स्थान हासिल गरि कक्षा ९ मा अध्ययन गरि रहेको छु । विद्यालयमा रहेको वाल क्लवको सचिव पदमा रहि शुत्रवारको अतिरक्ता कृयाकलाप भाग लिने र विद्यालय भन्दा वाहिर रहेको वालवालिकालाई विद्यालय सम्म ल्याउनका लागि विद्यालय भर्ना अभियान, वाल क्लवको आयोजनामा घरदैलो अभियान संचालन गरि विद्यालय भन्दा वाहिर रहेका ४ जना वालवालिकाहरुलाई विदालयमा पुर्न विद्यालय भर्ना गराउन सफल भएको छु ।

*रोहितकी आमा वाटु नेपाली भन्नु हुन्छ :* घरको आर्थिक अवस्था कमजोरका कारण मेरो छोराको पढ्ने इच्छा अधुरोध हुन लागेको अवस्थामा सम विकास केन्द्र नेपालले मलाई व्यवसायका लागि सहयोग गरेर मेरो छोराको पढ्ने इच्छा पुरा हुन लागेको छ । म यस वाखा पालन गरि मेरो छोरालाई उच्च शिक्षा पढाई उसको सपना पुरा गर्ने छु ।

**प्राथमिकता नं २ को बजेट विवरण (जनवरी देखि जुनसम्म)**

| स्विकृत बजेट | कुल खर्च | खर्च प्रतिशत |
|---|---|---|
| १५,१९,१३१। | २,२९,७०२। | १५.१२ % |

## प्राथमिकता नं ३: उत्थानशिल जीविकोपार्जनका लागि दीगो आर्थिक विकल्पको प्रवर्धन ।

### ❖ परिवेश विश्लेषण गर्ने (हाम्रो उद्देश्य र कामसंग सम्बन्धीत )

जिल्लामा आर्थिक मन्दि भएसंगै धेरै जसो घरधुरी बसाई सराई गरेर भारत जाने कम बढ्दो रहेको छ । कार्यक्षेत्रका अधिकांश परिवार स्वरोजगार भएर साना खाले व्यवसायमा आबद्ध रहेका छन । सानाखाले व्यवसायमा आबद्ध परिवारको आर्थिक अवस्थामा सुधार भई जिबिकोपार्जनमा सहयोग पुगेको छ । कार्यक्षेत्रका २ वटा पालिकाहरुमा पशुसेवा कार्यालयद्धारा ११ जना एकल महिलाहरुले गाईपालन व्यवसाय संचालन गर्न अनुदान प्राप्त गरेका छन । यसै गरि कृषि ज्ञान केन्द्रद्धारा व्यवसयिक रुपमा फलफुल खेति गरिरहेका किसानहरुलाई कागती, आँप, सुन्तला, लिची जस्ता बिरुवाहरु सहयोग गरिएको छ । यस अवधिमा कार्यक्षेत्रका सबै वडाहरुमा पशु चौपायामा बढ्दो क्रममा रहेको लम्पी स्कीन रोग कारण बाखा पालन, गाई पालन र भैसी पालन गर्ने किसानहरु मार्कामा परेका छन । उक्त रोगका कारणले दैनिक रुपमा किसानहरुले क्षती व्यहोर्नु परेको छ । यो रोगलाई नियन्त्रण गर्नको लागी उपचारमा पालिकाको भेटेनरीको र सेती प्राविधिक शिक्षालयमा पशु चिकित्सा अध्ययनरत विद्यार्थीहरुको परिचालन गरिएको छ ।

- **दिगो कृषिका लागि भएका बिकल्प निर्माण तथा कृषि तथा गैर कृषिमा आधारित आर्थिक तथा जिविकोपार्जनका क्रियाकलापहरुले भूमिहिन, साना किसान, युवा तथा महिलाको दिगो जीविकोपार्जनमा के कस्ता उपलब्धिहरु हासिल भए ? सो उपलब्धिहरु हासिल हुनमा हाम्रो भूमिका के कस्तो रह्यो ? (कृषि तथा गैर कृषि कृयाकलापमा आधारित उद्यमशिलता, बजारीकरणको प्रर्बद्धन तथा मूल्य श्रृंखला, समाबेशि उद्यमशिलता, पारिवारिक आय आदि) ।**

समुहका ४८८ जना महिला किसानहरु आयआर्जन हुने व्यवसायमा संलग्न भई राम्रो आम्दानी गर्न थालेका छन । जस मध्ये यस अबधिमा ११ जना (अघिल्लोवर्ष १८ जना) आफ्नै देशमा थोरै लगानीमा पनि राम्रो आम्दानी गर्न थाले पछि

भारतमा काम गरि रहेका श्रीमानहरुलाई घर बोलाई व्यवसायमा संलग्न गराउन सफल भएका छन । महिलाहरुलाई व्यवसायमा संलग्न गराउनको लागी व्यक्तिगत रुपमा टोकन सहयोग र घुम्तिकोष परिचालन गरिएको छ। साथै व्यवसाय संचालनको लागी व्यवसाय सम्बन्धि क्षमता विकास पनि गरिएको छ। श्रीमानहरु घरमा आउँदा घरायसि काममा सहयोग हुने गरेको र दुख बिरामि हुँदा साहारा मिलेको कुरा समुहकि महिलाहरुले बताएका छन । भारतमा काम गर्दा सबैले हेला गर्ने, अरुको दबाबमा रहेर दिन भरि काम गर्दा पनि घरखर्च चलाउने तलब नपाइने तर आफ्नै गाउँमा काम गर्दा थोरै आम्दानी भए पनि घर खर्च धान्न मजाले पुगि रहेको र सम्मानका साथ गाउँमा परिवारसंग रहेको धारणा पुरषहरुको छ । (महिलाहरुलाई व्यवसाय संचालनमा अग्रसर गराउनको लागी र विदेशमा रहेका उनीहरुका श्रीमानहरुलाई घरमै बसेर जोगारी सिर्जना गराउनको लागी व्यवसाय गर्न आर्थिक सहयोग गरिएको छ। समुहको निर्णय र वडा कार्यालयको समन्वय र सिफारिसमा सहयोग गर्ने परिएको छ ।)




सानाखाले व्यवसायमा आबद्ध भएका ४८८ जना महिलाहरुले माषिक ५ देखि २० हजार आम्दानी गरिरहेका छन र आम्दानी गरेको रकमले बालबच्चाहरुको पढाइ खच, उपचार खर्च, चाड पर्व खर्च हुनुका साथै माषिक २ हजार बैंकमा बचत गर्ने गरेका छन । दि सि न पा ५ घर भएकि ठगुली बिष्टले सन २०२२ मा संस्थाबाट कुखरापालन व्यवसायको लागि सहयोग प्राप्त गरेकि थिइन उनले हाल कुखुरापालन व्यवसायबाट राम्रो आम्दानी गरे पछि बुहारीलाई उच्च शिक्षा पढाई रहेकि छिन । उनि जस्तै समुहकि सदस्य तारा बिष्टले छोरालाई बिदेशमा उच्च शिक्षा पढाउन लागेको ऋण तिर्न नसकेर आत्महत्याको बाटो रोजेकि उनले समुहको सहयोगमा जर्सि गाई पालन गरी माषिक २० हजारको दुध बिक्रि गर्ने गरेकि छिन ।



आम्दानीका स्रोतहरु बढे पश्चात महिलाहरुको आत्मनिर्भरता, स्वतन्त्रता बढनुका साथै आर्थिक कारोवारोमा समेत उनिहरुको नियन्त्रण बृद्धि हुदै गएको छ । घरमा आम्दानीका स्रोतहरु खुले संगै समुहका महिलाहरु माथि हुने हिंसाका घटनाहरुमा केहि हद सम्म कमि आएको पाइन्छ जसको उदाहरण हुन के आई सिं गा पा ७ कि ज्योती तिरुवा हातमा सिप र पैसा नहुदा घरपरिवारमा श्रीमान, सासु ससुरा सबै जनाले हेला गर्ने , माइतीलाई समेत छोएर गालि गर्ने, बच्चाहरुको उपचारको लागि पैसा माग्दा पनि माइतीको घरबाट ल्याउने हो भन्ने जस्ता तनाव दिएको अवस्थमा ज्योतीले समुहको सहयोगमा टोकन सहयोग प्राप्त गरिन बंगुर पालन व्यवसाय सुरु गरिन बंगुबाट राम्रो आम्दानी भए पछि उनले ५ महिना मै रु लगानी सहित ७८ हजार आम्दानी गरिन हाल उनले किराना पसल पनि राखेकि छन । आम्दानी राम्रो हुन थाले पछि हाल परिवारले उनलाई माया र सम्मान गर्न थालेका छन ।

समुहका महिलाहरुले व्यवसायबाट राम्रो आम्दानी हुन थाले पछि हाल समहलाई पालिका तथा घरेलुमा दर्ता गर्ने गरेका छन । यस अबधिमा कार्यक्षेत्रका ३ वटा समुह पालिकामा दर्ता हुदा पालिकाले ८ जानलाई सिचाई पोखरी, १० जनाले फलामे टर्णेल, ६ जनाले कुखुरापालन, १ जनाले माछापालन र १०२ जनाले तरकारीका बिउँहरु अनुदान पाई स्वरोजगार भएका छन ।

- **महिला, कृषक तथा उद्यमीहरुको आर्थिक समुन्नतीका लागि लैंगिकमैत्रि बजार प्रवर्धन सम्बन्धि क्रियाकलापहरुबाट के कस्ता उपलब्धिहरु हासिल भए ? सो उपलब्धिहरु हासिल हुनमा हाम्रो भूमिका के कस्तो रहयो ?**

महिलाहरुलाई व्यवसायमा आबद्ध गराई उनिहरुको आर्थिक सशक्तिकरण सुधार गर्नुका साथै महिला तथा पुरुषहरुले गर्ने भनि छुटाएका कामहरुको सोचमा परिवर्तन ल्याउनको लागि दि सि न पा शिखर न पा का ७ जना महिलाहरुलाई अटो चालकको १ महिने तालिम दिईएको थियो । हाल यहाहरु ७ जना मध्ये ३ जनाले माषिक २० हजार तिरेर अटो भाडामा लिएका छन भने माषिक २० हजार तिरे पश्चात १५ देखि १८ हजार आफुलाई बच्ने उहाहरुको भनाई छ । आफु महिला भएको हुँदा अधिकांश महिलाहरु आफ्नो अटोमा बस्न रुचाउने उनिहरुको भनाई रहेको छ । पहिलेको जस्तो दिनभरी घाममा बसेर न्युन ज्यालादारीको काम गर्ने बाध्यता उहाहरुको रहेन । उहाहरु सबैको लागि प्रेरणा र हौसलाको रुपमा स्थापित रहेका छन । दिपायल सिलगढी नगरपालिकाद्धारा यस वर्ष थप १० जना महिलाहरुलाई अटो सिकाउने योजना पनि रहेको छ । महिलाहरुलाई अटो व्यवसायकाट बजारमा दिगो रुपमा स्थापित गर्नको लागी स्थानिय तहले यस लाई प्राथमिकताको क्षेत्रको रुपमा लिएको छ । पालिकामा अटो संचालनको लागी दिनु पर्ने रु ५० हजार सडक करलाई महिलाले संचालन गरेको अटोमा छुट दिईएको छ ।



○ **वातावरणमैत्री दीगो खेतिपाती सम्बन्धि हामीले गरेका क्रियाकलापहरुबाट के कस्ता उपलब्धिहरु हासिल भए ? सो उपलब्धिहरु हासिल हुनमा हाम्रो भूमिका के कस्तो रह्यो ?**

वातावरण मैत्रि दीगो कृषि तथा खेतिपातीलाई प्रबर्द्धन गर्नको लागि के आई सिं गा पा मा तयार पारिएको अर्गानिक तरकारी खेतिको रणनैतिक योजना तथा कार्यबिधिले के आई सिं गा पा लाई वातावरण मैत्रि बनाउनमा मदत पुगेको छ । यस अबधिमा संस्थाद्धारा ९ वटा कृषक समुहमा अर्गानिक तरकारी खेति सम्बन्धि कृषक पाठशाला संचालन गर्नुका साथै पालिकाद्धारा अर्गानिक मैत्रि पालिका बनाउन ३ लाख बजेट बिनीयोजन गरिएको थियो भने संस्थाद्धारा पनि आवश्यक कृषि सामाग्रीहरु सहयोग गरिएको थियो । जसको फलस्वरुप यस वर्ष के आई सिं गा पा ले क्षेत्रिय कृषि निर्देशनालयबाट अर्गानिक मैत्रि पालिका हुदै गएकोमा गा पा र ५ जना कृषकहरुलाई पुरस्कार तथा सम्मान प्राप्त गरेको छ ।

○ माथि उल्लेखित क्षेत्र बाहेक बिगत ६ महिनामा हाम्रो पहलहरु के कस्ता रहे

**प्राथमिकता नं ३ अन्तर्गत २०२३ को पहिलो ६ महिनामा भएका भौतिक निर्माण तथा जिवीकोपार्जनका लागि गरिएका पहलहरु**

| क्रियाकलाप | स्थान | लाभान्वित संख्या | आर्थिक सहयोग | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | PNGO/AAN | Community | Palika | Other.... | Total |
| | | | | | | | |

**प्राथमिकता नं ३ अन्तर्गतका कार्यक्रमहरु संचालन गर्दा के कस्ता चुनौतिहरुको सामना गर्नु पर्‍यो ?**

- समुहहरुमा पुराना सदस्यहरु रहदै आएको र उहाहरुले बुहारीको नेतृत्व परिवर्तन गर्न नमान्ने गरेको हुदा समुहका अधिकांश सदस्यहरुलाई व्यवसाय तथा बिभन्न अभियानहरुमा संलग्न गराउनमा कठिनाई हुनु
-

**यी परिवर्तन बाट हाम्रा प्रमुख सिकाईहरू के कस्ता थिए र किन ?**

- समुहमा युवा नेतृत्व बढाउनमा पहल गर्नु पर्ने जसले गर्दा स्वरोजगार हुन सहज हुने ।

- स्थानिय तहहरुद्धारा घुम्तिकोषमा बजेट बिनियोजन गर्नमा पहल गर्ने अथवा समुहलाई सक्रिय बनाउने

**समूदायका सरोकारवाला वा लक्षित वर्गबाट प्राथमिकता नं ३ अन्तर्गत व्यक्त गरिएका भनाईहरु (Anecdotes) उल्लेख गर्ने जसले हामीले गरेको काम तथा सोको प्रभावलाई थप प्रष्ट गर्न सहयोग गर्छ। प्रत्येक भनाई उल्लेख गर्दा सो कुरा व्याक्त गर्ने व्यक्तिको नाम, समूह, ठेगाना आदि पनि उल्लेख गर्ने।**



शिखर न पा ३ घर भएकि उद्यमि महिला समुहकि सदस्य तुल्सी बोगटी भन्नु हुन्छ "बिहे गरेको १२ वर्ष भयो तर श्रीमान पुरा घर बसेको जोड्दा ८ महिना जती होला। ४ वर्ष भारत २ महिना घर गर्नु हुन्थ्यो। घरमा सासु ससुरा कोहि पनि थिएनन्। एक्लै मैले २ वटा बच्चा, घरबारी, गाईबस्तु हेर्ने निकै कठिन थियो। मैले कक्षा १२ सम्म पढेको भए पनि मेरो जीवन घरकै चुलोचौकोमा सिमित भयो तर श्रीमान त्यति धेरै भारतमा बस्दा खानै मै ठिक्क भयो न त घर खेत नै जोडियो। यो सबै कुरा श्रीमानलाई सुनाए। समुहबाट व्यवसाय गर्न सहयोग पाइन्छ तपाई घर आउनु यतै केहि गरि खाउला यदि व्यवसायबाट फाइदा भएन भने फेरी भारत जानु नै छ भन्ने मेरो सल्लाहलाई मानेर घर आएका श्रीमान अहिले ५ महिना भयो यो अवधिमा हामिले समुहको सहयोगमा कुखुरा पालन व्यवसाय गर्‍यौ पहिलो लट ४० दिन मै लगानी कटाएर ३६ हजार आम्दानी भए पछि नेपाल मै व्यवसाय गर्ने मेरो श्रीमानको निर्णय रहेको छ अहिले हामिले दोस्रो लटमा ५०० कुखुरा हालेका छौ। दुबै श्रीमान श्रीमती र छोरा छोरी खुसिका साथ आफ्नै घरमा बसेकान छौ एक अर्काको सुख, दुखको साथी भएका छौ।"

दि सि न पा ५ पुन्ना घर भएकि ठगुली बिष्ट भन्नुहुन्छ "श्रीमानलाई कहिल्यै निको नहुने रोग लाग्यो। उहा अब केहि महिनाको पाहुना हो भन्ने थाहा पाइसके पछि छोराको बिहे र बुहारीको मुख हेर्ने धोको गर्नु भयो। सबैको सल्लाहमा श्रीमानको अन्तिम इच्छा पुरा गर्न छोराको १८ वर्ष कै उमेरमा बिहे भयो। बुवाको मृत्यु पछि उपचार खर्चमा लागेको ऋण तिर्न छोरा भारत पस्यो। बुहारी १५ वर्ष कि थिइन र कक्षा १० मा पढ्दै थिइन। १० पास गरि सके पछि बुहारीको पढ्ने इच्छा हुँदा हुदै पनि क्याम्पसको फि तिर्न नसक्ने हुँदा पढाई छोड्नु पर्‍यो। यसै समयमा गाउँमा महिला समुह गठन भयो। समुहमा बस्न थालै। समुहबाट धेरै कुराहरु सिके र तरकारी खेति व्यवसाय गर्ने योजना बनाए। छोराले कमाएको पैसा ऋण तिर्न मै ठिक्क हुने भयो। यता घरमा मैले तरकारी खेति गर्दा एक सिजनमा १५ देखि २० हजार कमाई गर्न थाले पछि बुहारीको बार्षिक पढाई खर्च १६ हजार हुने भयो। २ वर्ष पछि मैले बुहारीलाई कक्षा ११ मा भर्ना गरे अहिले उनि बिद्यालय जाने र साझ बिहान मलाई काममा सघाउने गर्दछिन। बुहारी पनि छोरी समान हुन उनिलाई पनि माया गर्नु पर्छ भन्ने कुरा पनि मैले समुहबाट नै सिकेकि हु।"

दि सि न पा ७ कि तारा बिष्ट भन्नु हुन्छ " छोराले कक्षा १० पास गर्‍यो साथीहरुको लहलहैमा लागेर सहर पस्यो। सहर पसेको १८ महिना पछि उक्कासि फोन आयो र भन्छ आमा म बिदेश जाने भए मलाई जसरी हुन्छ १६ लाख चाहिन्छ। जम्मा गर्न सक्नु भएन भने मेरो आस नगर्नु म मर्छु। छोराले यति भनि फोन राख्यो। श्रीमान रात दिन रक्सी खाएर भएका गरगहना पनि बेचि सकेका थिए। घरमा ३ छोरा छोरी पढि रहेका थिए। मलाई साहुले पत्याउने अवस्था थिएन तर मैले छोराको जित पुरा गर्नु थियो नत्र छोराले मर्ने डर देखाएको थियो र गाउँमा यस्ता घटनाहरु पनि भई सकेका थिए। मैले धेरै ठाउमा बाटो खाजे केहि सिप नलागे पछि गाउँमा २ वटा लघुबित्तबाट ८,८ गरि १६ लाख ऋण निकाले। बिना धितो ऋण त पाए तर माषिक ब्याज सहित ८ हजार ६ सय तिर्ने बनाए २ वटा समुहको १७ हजार २ सय महिनाको किस्ता तिर्न पर्ने भयो। गाउँमा सय गडा ३ को दरले १ लाख ऋण निकाले र केहि महिना किस्ता तिरे तर एक महिनाको किस्ता तिर्न बाकि थियो। छोराको बिदेश जाने भिसा आएन। कागच पत्र बनाउनमा नै ६ लाख लाग्यो आमा भनेर १० लाख घर

फर्कायो । बाकि ९ लाख तिर्न मैले के गर्ने सोच्न सकिन र साहुले रात दिन फोन गरेर धम्काउन थाले पछि मैले इजत जानु भन्दा मर्न सोचे यो कुरा मेरो देउरानीले थाहा पाइन र समुहमा यो कुरा राखिन । समुहबाट जर्सि गाई पालन गर्ने सल्लाह दिए । समुहबाट बिना ब्याजमा ५० हजार निकालि मैले दुध दिने जर्सि गाई खाजे । अहिले माषिक १९ हजारको दुध बेच्ने गर्छु र एउटा लघुबित्तको माषिक ७ हजार ऋण तिर्छु र बाकि बैंकमा जम्मा गरेर सबै पैसा तिर्ने निधो गरेर बैंकमा जम्मा गरि रहेकि छु । छोरा पनि अहिले घरमा नै आएर कक्षा १२ मा पढ्दै गरेको छ । ”

शिखर न पा १ घर भएकि सत्ति भुल “म समुहकि सदस्य त हाईन तै पनि मैले हाम्रो गाउँमा भएको महिला समुहबाट धेरै कुरा सिकेकि छु । बिहे भएकै सालमा श्रीमानसंग भारत गएर ८ बर्षमा घर फर्केकि थिए । र घरमा खेति पातिको काम गरेर दिन बितिरहेकि थिए । निकै गाह्रो थियो घरको काम अनि छोरा छोरी समाल्न त्यस माथि आम्दानी २ महिना खान नपुग्ने भयो । समुहमा बसेका दिदी बहिनीहरु धान लगाउने खेतमा आलु, बन्दा, काउली, टमाटर लगाउन थाले । उहाहरुका श्रीमान पनि घरमा आएर बस्न थाले पछि मलाई श्रीमानलाई घर बोलाउने रहर लाग्यो । तरकारी खेति कसरी गर्ने भन्ने बारे मैले सबै कुरा समुहका महिलाहरुबाट सिके र तरकारी खेती गर्न थाले । आम्दानी राम्रो हुन थाल्यो तर व्यवसाय एक्लैलाई समाल्न गाह्रो भए पछि श्रीमानलाई घर बोलाए । अहिले हामि तरकारी खेतिका साथै बंगुरपालन व्यवसाय गरेर आम्दानी गर्न थालेका छौ घरको देखि लिएर बारी, बंगुरको खोरमा दुबै मिली काम गर्छौ । छोरा छोरी स्कुलमा पढेछन । हामि सबै संगै रमाएर बसेका छौ र आम्दनी पनि राम्रै भएको हुदा सन्तुष्टि पनि छौ । बारी रोग किरा लागे वा बिउँ चाहिएमा मैले समुहबाट सहयोग लिने गरेकि छु । ”

**घट्ना अध्ययन कम्तीमा २ वटा (घटना अध्ययन बनाउंदा सकेसम्म समूदायमा ठूलो प्रभाव देखिने खालको घटना उल्लेख गर्ने तथा घट्ना अध्ययनहरुको सहमति वा ऋयलकभलत अनिवार्य रुपमा संलग्न गर्ने)**

## “उदाहणीय व्यवसायी बन्दै राधिका जैसी”

तरकारी बेचेर नै तराईमा जग्गा किन्न सक्ने क्षमता भएको बताउछिन राधिका जैसि । लामो समय देखि भारतमा काम गरि रहेका श्रीमानलाई घरमा बोलाई दूबै जना तरकारी व्यवसायमा आबद्ध रहदै परिवारको आर्थिक स्थितीमा सुधार पार्न सफल व्यवसायीको रुपमा उनि परिचित छिन ।

शिखर नगरपालीका वडा नं २ मुडेगाउँमा रहेको उज्यालो रिफ्लेक्ट सर्कल कि सक्रीय सदस्य राधिका जैसि हुन । उनि अहिले वर्ष ३६ कि भईन । उनि, उनका श्रीमान, सासु, ससुरा र एक छोरा गरि उनको ५ नाको परिवार छ । सानो परिवार भए पनि घर खर्च चलाउन धौ धौ पर्न थाले पछि उनका श्रीमान कामको खोजीमा भारत गएका थिए । भारतमा काम गर्न थालेको लामो समय भई सक्दा पनि घरको आर्थिक स्थितीमा सुधार नहुने भए पछि राधिकाले तरकारी व्यवसाय गर्ने निर्णय गरिन । सानै उमेरमा बिवाह भएकोले राधिकाको पढाई कक्षा ५ मा नै टुङ्गीयो । बिहे पछाडि उनले पढाईलाई निरन्तरता दिन सकिन्न । घरायसि काम तथा चुलो चौको मै उनि सिमित रहिन । एका तिर भारतमा काम गर्न गएका श्रीमानले घर खर्च नपठाउने अर्को तिर सासु ससुराहरुले काम काज छैन । बसि



बसि सबैको खर्च बेर्होर्न गाह्रो भयो भनेर दिन रात मानषिक तनावहरु दिने गर्दथे । माईतीमा आगनमा गएर आफ्नो समस्या पोख्ने ठाउँ पनि थिएन । ब्रामण परिवारको भएको हुदा दैनिक घरमा पुजा पाठ गर्नु पर्ने हप्ता दिन मै घरमा सानो सानो

होम लगाउनु पर्ने हुन्थ्यो । यसको लागि पनि काहाबाट खर्च जुटाउने उनि निकै समस्यामा थिइन । ओल्लो पल्लो घरमा सबै जागिरे थिए । उक्त समुदायमा बोगटी परिवारका पनि सम्पन्न थिए तर राधिकाको परिवारको आर्थिक अवस्था कमजोर भएको हुदा सबैले हेला गर्ने काममा पनि अैचो पैचो गर्दैन थिए । राधिका भन्छिन" सबैका घर तराईमा समेत हुदा सासुले कुरा सुनाउथिन पहिले त ठिकै अवस्थाका थियौ । बुहारी अलेछिनी परे पछि घरमा भएको अन्नपात समेत हरायो । कस्ता पो सन्तान थिए मेरो घर नै सखाप पार्ने भई भन्ने जस्ता कुरा मलाई दैनिक पिडा दिने गर्दथ्यो । "

सन २०१५ मा सम बिकास केन्द्र नेपाल र एक्सनएड नेपालको सहयोगमा संचालित स्थानिय अधिकार कार्यक्रम अन्तरगत साबिकको मुडेगाउँ गाबिसमा उज्यालो रिफ्लेक्ट सर्कल गठन गरियो । बैठकमा महिला सशक्तीकरण, महिलाहरुको आर्थिक सशक्तीकरण, घरेलु हिंसा , छाउपडि प्रथा तथा महिला हिंसाका बोरमा छलफल हुने गर्दथ्यो । राधिका घरको सबै काम सकेर नियमित बैठकमा जाने गर्दथिन । उनमा केहि गर्नु पर्छ । अरु भन्दा फरक उदाहरणिय काम गर्नु पर्छ भन्ने भावना थियो । बैठकमा उनको सक्रियता भए संगै उनि जिल्लामा आयोजना गरिने तरकारी खेति तथा दीगो कृषिको तालिममा पनि सहभागि हुन थालिन । उनले तालिममा धेरै कुराहरु सिके पश्चात घर भन्दा निकै टाढा बषौ देखि धान , गहुँ लगाउदै आइरहेको जमिनमा तरकारी खेति गने र्ू सोच गरिन । घरमा सम्झाउन उनलाई धेरै समय लाग्यो अन्त्यमा घरका अरु सदस्यहरुले नमाने पनि श्रीमानको साथमा उनले पहिलो वर्ष नै २ रोपनी जमिनमा आलु खेति गरिन । आलु राम्रो उत्पादन भयो । ३ रोपनीमा उनले ६२५ किलो आलु उत्पादन गरि रु ४० को दरमा बिक्री गरिन । जसमा २५ हजार उनको आम्दानी हुन गयो । आफुले ६० किलो आलुको किनेर लगाएको मुल्य २४ सय कट्टा गर्दा पनि उनलाई २२ हजार ६ सय फाइदा भयो । यसका साथै उनले प्याज , टमाटर, मुला पनि बिक्री गरि रु १८ हजार आम्दानी गरे पछि उनले यस व्यवसायलाई थप अगाडि बढाउने सोच गरिन र भारतमा काम गर्दै गरेका श्रीमानलाई घर बोलाईन । दुबै श्रीमान श्रीमती उक्त बारीमा एउटा टहरा बनाएर बस्न थाले र संस्थाले उपलब्ध गराएको बिउँ , कृषि साम्राग्रीको आधारमा उनिहरुले मौसमी तथा बेमौसमी तरकारी खेति गर्न थाले । बिस्तारै एउटा सिजनमा उहाहरुले १ लाख , १ लाख ४० हजार सम्मको पनि आम्दानी गर्न थाले ।

राधिका भन्छिन " आफ्नो आर्थिक अवस्था कमजोर हुदा आफन्तहरुले पनि निकै हेला गरे । देउरानी ,जेठानीहरुले निकै कुराहरु सुनाउने , आफ्नो सम्पतीको धाक लगाउने , श्रीमानको कमाईको धाक लगाउने गर्दथे । अहिले मैले आफ्नै कमाईमा घरको सबै खर्च धानेकि छु । श्रीमानलाई स्वरोगार बनाए । मैले पैसाको महत्व बुझेको छु । पैसा नहुदा सबैको हेला पनि खपेको हुदा केहि पैसा बचत गरि अहिले तराईमा सानो घडेरी किनेको छु । उक्त जमिन मैरै नाममा रहेको छ । तरकारी खेतिबाट छोटो समयमा नै राम्रो आम्दानी हुन थाले पछि अहिले गाउँ भन्दा बाहिरको मान्छेहरु पनि मेरो घरमा सोध्न आउनु हुन्छ तरकारी खेति कसरी राम्रो गर्न सकिन्छ । स्थानिय तह, कृषि ज्ञान केन्द्रबाट पनि अनुदान दिन्छौ अझै राम्रो गर्नुस भनेर घर मै आउनु हुन्छ मलाई निकै खुसी लाग्छ । पहिले गरिब भनेर सबैले हेला गरे अहिले खाजि गर्न आउनछ । अहिले सासु, ससुराहरुले पनि घरको काममा सहयोग गर्नु हुन्छ मलाई एकदम स्वतन्त्र रुपमा काम गर्न, तालिम गोष्टिहरुमा जान दिनु हुन्छ । मैले तरकारी खेति गर्दा धान फल्ने खेत पनि मासेर अब के खान्छ भनि कुरा काट्ने छिमेकिहरु पनि अहिले तरकारी व्यवसायमा आबद्ध छन । म जस्तै हाम्रो समुदायमा अहिले १२ जना अगुवा किसान भएका छन । "

नेपालमा बसेर तरकारी खेति गरेर के नै हुन्छ भन्नेहरु अहिले आफु पनि तरकारी खेतिमा संलग्न भएको देख्दा राधिकाका श्रीमान भन्छन " ११ वर्ष भारतमा कामको सिलसिलामा बसे सोचे जस्तो आम्दानी भएन । अर्काको देशमा सम्मान छैन , दुख छैन पिडा छैन जे भएनी काम गर्नु पर्‍यो नत्र भाकै रहनु पर्ने थियो । त्यस माथि मालिकको डर भिन्ने थियो । त्यहा बस्दा आफ्नो इच्छाले सास पनि फर्न नपाएको महसुश हुन्थ्यो । यस्तो अवस्थामा श्रीमतीले तरकारी खेति गर्दा राम्रै आम्दानी भएको सुनाइन र घर फर्कन आग्रह गरे पश्चात म घर फर्किए । छिमेकिहरुले धेरै कुरा काटे । श्रीमतीको कुरा सुनेर काम छोडेर नेपालमा के खान्छ भन्नेहरु अहिले म र मेरो श्रीमतीले गरेर आम्दानी देखेर घर फर्कि तरकारी व्यवसाय, बाखापालन व्यवसाय गरि रहेका छन । "

यसरी रिफ्लेक्ट सर्कल मै बसेर आफ्नो जीवनलाई सहि मार्गमा ल्याउन सफल राधिका जैसिका दम्पतीहरु अहिले उदाहरणिय व्यक्तीको रुपमा स्थापित भएका छन । नेपाल मै बसेर पनि धेरै कुरा गर्न सकिन्छ भन्ने सन्देश उहाहरुबाट गएको छ ।

मेरो जिवन आएको परिवर्तन

शिखर नगरपालिका वडा नं. २ मुडेगाँउ वस्ने दुर्गा कार्की लालीगुराँस महिला समुहकी सदस्य हुन । ३८ वर्षिय दुर्गा कार्कीको श्रीमान नाथ बहादुर कार्की विरामी भएको झोकमा भारत जान्छु भनेर गएको ४ वर्ष पुरा भयो । उनका श्रीमानको मृत्यू भएको हो वा जिउदै छन् कुनै जानकारी छैन । श्रीमान बेपत्ता भए भएपछि दुर्गालाई छोराहरुलाई कसरी पढाउने र कसरी लानपालन गर्ने भन्ने चिन्ताले पोलि रहन्थ्यो । अर्काको अधिया जग्गा बनाइ, दैनिक ज्यालादारी गरि परिवारमा जोह गरिरहेकी थिइन । दुर्गाको ३ जनाको परिवार छ । उनका छोरा १८ वर्षिय पदम कार्की र कान्छो छोरा गणेश कार्की मुडेगाँउको श्री महाकाली माध्यमिक विद्यालय मा कक्षा ११ र कक्षा ९ मा अध्ययन गरिरहेका छन् । छोराहरुको पढाईमा खर्च पुऱ्याउन कठिन भएका वेला सम विकास केन्द्र नेपालबाट संचालित स्थानिय अधिकार कार्यक्रम आर्थिक सहयोग भएपछि दुर्गाले बाखा पालन सुरु गरिन् ।

दुर्गा भन्छिन् : संस्थाबाट सहयोग भएको पैसाले २ वटा व्याउने बाखा किने बाखा बढ्दै गयो । बोकाहरु विकी गरेर ४३ हजार ५ सय आम्दानी गरे यस पैसाले छोराहरुको लुगाकपडा, ट्यूसन शुल्क, कापीकलम र अन्य घर खर्च गर्नमा सहज भयो । म संग अहिले ६ वटा बाखा छन् । महिनामा कम्तिमा १ वटा बोका विक्री गरेर आफ्नो घरमा चाहिने खानेकुरा किन्न सहज हुनुका साथै समुहको कोषमा जम्मा गर्ने, महिला सहकारीमा छोराहरुको नाममा बचत गरेकी छु । मेरो सानो करेसावारी पनि छ । सानो वारीमा तरकारी खेती गर्छु त्यहाबाट केही आम्दानी हुन्छ । यसले गर्दा मेरो परिवार पाल्न सहज भएको छ । श्रीमानले मलाई केही दिन सकेन श्रीमान क्यान्सरको विरामी हुनुहुन्थ्यो । विरामीको झोकमा केही गरेर मरिहाल्योकी भन्ने लागेको छ । अव श्रीमान फकिन्छन् भन्ने कुनै आस लाग्दैन । मलाई घरमा सहयोग गर्ने कोही नभएपछि मैले के गरेर छोराहरुको जिवन बनाउने  भनि चिन्ता भइरहन्थ्यो । अहिले यी बाखा पाले पछि मेरो यि सवै चिन्ता हटेका छन् । गाँउका दिदि बहिनीको सामुमा शिर ढाडो गरेर हिड्न कस्न सकेकी छु । घरमै आम्दानी गर्न थालेपछि समाजमा महिला पुरुषहरुले सम्मान गर्ने गरेका छन् । अरुका छोरा जस्तै मैले पनि मेरा छोराहरुलाईका् भविष्य बनाउन सक्छु भन्ने आँट आएको छ ।

**प्राथमिकता नं ३ को बजेट विवरण (जनवरी देखि जुनसम्म)**

| स्विकृत बजेट | कुल खर्च | खर्च प्रतिशत |
|---|---|---|
| १४,६०,७०२। | ७,६०,५०२। | ५२.०६ % |

## प्राथमिकता नं ४: बिपद उत्थानशिलताको विकाश ।

❖ परिवेश विश्लेषण गर्ने (हाम्रो उद्देश्य र कामसंग सम्बन्धीत )

गाईगोरुहरुमा देखिएको छाला रोग तथा लम्पी रोगले गाईबस्तुहरु बिरामिहुनुका साथै मरिरहेको अवस्था छ । उक्त रोग न्युनिकरणका लागि स्थानिय तहले गोरुहरुलाई खोप लगाउन सुरु गरेको छ । नियमित वर्षाका कारण तरकारी बालि तथा फलफुलहरुमा रोग लाग्ने, कुहिने समस्या रहेको छ । कार्यक्षेत्रका ३ वटा पालिकाहरुमा बिपत व्यवस्थापन कोष  तथा परिचालन कार्यबिधि निर्माण भएको छ । पहिरो जाने सम्भाबित क्षेत्रहरुमा (खोला, सडक, घरजग्गा) सुदुरपश्चिम प्रदेशबाट ग्याबिन जाली हालि तटबन्धन कार्य भएको छ । कार्यक्षेत्रका बिद्यालयहरुमा युवा संजाल र किशोरी समुहद्धारा भुकम्पबाट बच्ने बारे सचेतनाका गतिबिभिहरु संचालन भईरहेका छन ।

❖ प्राथमिकता ४ अन्तर्गत कार्यान्वयनको प्रमुख क्षेत्रहरु

- **हाम्रो कार्यक्रमको सहयोगले समूदाय तथा महिलाको मानविय प्रतिकार्यसम्बन्धि क्षमता तथा नेतृत्व विकाशमा के कस्ता उपलब्धिहरु हासिल भए ? सो उपलब्धिहरु हासिल हुनमा हाम्रो भूमिका के कस्तो रह्यो ? (विपत जोखिम न्यूनीकरण, राहत तथा उद्धार )**

स्थानिय अधिकार कार्यक्रमद्धारा समूदाय तथा महिलाको मानविय प्रतिकार्य सम्बन्धि क्षमता तथा नेतृत्व विकाश गर्न ९० जना युवा तथा महिलाहरुलाई समुहमा छलफल तथा अन्तरक्रिया गरिएको छ भने उहाहरुले समुदायमा गएर मानव प्रतिकार्य सम्बन्धि सचेतनाहरु दिने गरेका छन ।

असिनाले पानीले कार्यक्षेत्रका १०४ जना व्यवसयिक कृषकहरुको फलफुल तथा अन्न , तरकारी बालिमा नोक्सान गर्दा समुहका महिलाहरुले पेश गरेको निबेदन र प्रमाणहरुको आधारमा पालिकाद्धारा उक्त किसानहरुलाई पर व्यक्ति ५० हजारको दरले राहात उपलब्ध भएको छ । जसले गर्दा किसानहरुलाई पुनः सोहि व्यवसायमा संलग्न रहन हौसला मिलेको छ ।

- **जोखिमबाट सुरक्षित रहन तथा न्यनीकरण गर्न के कस्ता क्रियाकलाप तथा पहलहहरु गर्‍यौं, कसरी गर्‍यौं र त्यसबाट के कस्ता उपलब्धिहरु हासिल भए ? (कर्बाी कअबभि ञ्स्तष्नबतष्यल लाई यसमा समेट्ने) ।**

कार्यक्षेत्रका बिद्यालयहरुमा युवा संजाल र किशोरी समुहद्धारा भुकम्पबाट बच्ने बारे सचेतनाका गतिबिभिहरु संचालन भईरहेका छन जसले गर्दा बिपत आउदा नडराई त्यसको सामाना हिम्मतका साथ गर्नु पर्छ भन्ने प्रमाण समुदायले दिएका छन ७ महिना अगाडि डोटीमा जिल्लामा आएको भुकम्पले त्रसित भएका व्यक्तिहरुको पुनः सामान्य भुकम्पले घर हल्लाउदा पनि घरबाहिर सुत्ने र चिसोले बिरामि हुने हुदा उहाहरुलाई हिम्मत दिने काम युवा संजालले गरेको छ । हाल सबै जना घर भित्रै सुत्ने गरेका छन ।

प्राथमिक उपचार कसरी गर्ने भन्ने तालिम पाए पश्चात शिखर न पा ३ का सुनिल बि क को लडेर दुबै हात भाचिए पछि परिवारलाई सान्तोना दिदै युवासंजालले दुबै हात काठले बाधेर २ घण्टाको  बाटो पश्चात स्वास्थ्य चौकिमा ल्याई उपचार गरेका छन ।

- **हामीले विपत प्रभावितलाई मानविय सहयोग तथा प्रतिकार्यका लागि के कस्ता क्रियाकलाप तथा पहलहहरु गर्‍यौं, कसरी गर्‍यौं र त्यसबाट के कस्ता उपलब्धिहरु हासिल भए ?**

- **स्थानिय स्तरमा जवाफदेहिता तथा पारदर्शिता प्रवर्धन गर्न के कस्ता पहलहरु गरिए र त्यसको प्रभाव तथा उपलब्धीहरु कस्तो दखियौ ?**

समुदायको माग अनुरुप कार्यक्षेत्रका ३ वटा पालिकाहरुमा बिपत व्यवस्थापन कोष  स्थापना तथा संचालन कार्यबिधि निर्माण गरिएको छ । जिल्लाका प्रत्येक पालिकाहरुले सम्भावित हुन सक्ने जोखिमहरुलाई मध्यनजर गर्दै १० लाख बराबरको विपद व्यवस्थापन कोष स्थापना गरेका छन ।

पहिरो जाने सम्भाबित क्षेत्रहरुमा (खोला, सडक,घरजग्गा) सुदुरपश्चिम प्रदेशबाट ग्याबिन जाली हालि तटबन्धन कार्य भएको छ । गाईगोरुहरुमा देखिएको छाला रोग तथा लम्पी रोगले गाईबस्तुहरु बिरामिहुनुका साथै मरिरहेको अवस्था छ । उक्त रोग न्युनिकरणका लागि स्थानिय तहले गोरुहरुलाई खोप लगाउन सुरु गरेको छ ।

- **हामीले सुरक्षित स्कूल प्रवर्धनका लागि के कस्ता क्रियाकलाप तथा पहलहहरु गर्‍यौं, कसरी गर्‍यौं र त्यसबाट के कस्ता उपलब्धिहरु हासिल भए ?**

कार्यक्षेत्रका बिद्यालयहरुमा युवा संजाल र किशोरी समुहद्धारा भुकम्पबाट बच्ने बारे सचेतनाका गतिबिधिहरु संचालन भईरहेका छन । यस अबधिमा ४२३ जनाले यस बारे जानकारी पाएका छन । यसका साथै कार्यक्षेत्रका बिद्यालयहरुमा सरसफाई अभियान गरेका छन भने कसैलाई असर नपर्ने गरेर प्याड डिस्पोजल गर्ने बारे बिद्यालयले पहल गरेको छ ।

- **माथि उल्लेखित क्षेत्र बाहेक बिगत ६ महिनामा हाम्रो पहलहरु के कस्ता रहे**

**प्राथमिकता नं ४ अन्तर्गत २०२३  को  पहिलो  ६ महिनामा  भएका भौतिक निर्माण तथा जिवीकोपार्जनका लागि गरिएका पहलहरु**

| क्रियाकलाप | स्थान | लाभान्वित संख्या | आर्थिक सहयोग | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | PNGO/AAN | Community | Palika | Other.... | Total |
| | | | | | | | |

**प्राथमिकता नं ४ अन्तर्गतका कार्यक्रमहरु संचालन गर्दा के कस्ता चुनौतिहरुको सामना गर्नु पर्‍यो ?**

- बिपत सम्बन्धि कृयाकलापहरु समुदाय स्तरहमा कम हुने भएको हुदा सबैलाई बिपत सम्बन्धि सचेतना तथा जानकारी दिन कठिनाई हुनु
- पालिकाहरुद्धारा बिपत हुदा स्थानिय तहद्धारा दिईने सेवा सुबिधाहरुको बारेमा जानकारी नहुदा लक्षित वर्ग अन्यौलमा रहनु ।

**यी परिवर्तनबाट हाम्रा प्रमुख सिकाईहरू के कस्ता थिए र किन ?**

- समुदाय स्तरहमा बिपत सम्बन्धि कृयाकलापहरुमा जोड दिनु पर्ने
- समुदाय तथा पालिकाहरुसंग संयुक्त रुपमा विपद पुर्व तयारी सम्बन्धि अर्न्तरक्रियाका कार्यक्रमहरु आयोजना हुनु पर्ने ।

**समूदायका सरोकारवाला वा लक्षित वर्गबाट प्राथमिकता नं ४ अन्तर्गत व्यक्त गरिएका भनाईहरु (Anecdotes) उल्लेख गर्ने जसले हामीले गरेको काम तथा सोको प्रभावलाई थप प्रष्ट गर्न सहयोग गर्छ। प्रत्येक भनाई उल्लेख गर्दा सो कुरा व्याक्त गर्ने व्यक्तिको नाम, समूह, ठेगाना आदि पनि उल्लेख गर्ने ।**

**घट्ना अध्ययन कम्तीमा २ वटा (घटना अध्ययन बनाउंदा सकेसम्म समूदायमा ठूलो प्रभाव देखिने खालको घटना उल्लेख गर्ने तथा घट्ना अध्ययनहरुको सहमति वा Consent अनिवार्य रुपमा संलग्न गर्ने)**

## प्राथमिक उपचार सेवाले सवैको मन जिद्दै संगिता

शिखर नगरपालिका वडा नं.३ मुडभारामा वस्ने वर्ष १७ संगिता कठायत श्री भवानी माध्यमिक विद्यालयमा कक्षा १० मा अध्ययन गर्दछिन् । शिखर नगरपालिका वडा नं.३ मुडभारामा गठित यूवा संजाल सदस्य हुन । उनी विद्यालयमा हुने शुक्रवारे अतिरिक्त कृयाकलापको समयमा विद्यालयको विद्यार्थी वालक्लव र शिक्षकहरुको सहभागिता आउन सक्ने विपदवाट वच्नका लागि के कस्ता उपायहरु उप्नाउन सकिन्छ भनि विभिन्न अभ्यासका माध्यम द्वारा जानकारी प्रदान गर्ने गरेका छन् । शिखर नगरपालिका वडा नं. ३ मा रहेको श्री भवानी माध्यमिक विद्यालयमा प्रथमिक उपचार सम्वन्धी अभ्यास पछि यूवा संजालकी सदस्य संगिता कठायतले विद्यालयको टिफिनको समयमा खेल्ने क्रममा लडेर दुवै हात भाचिएका सुनिल भूलको घटना स्थलमै प्राथमिक उपाचर गरि स्वास्थ्य चौकी पठाएकी छिन् । दुवै हात भाचिए पछि निकै आप्ठ्यारो भएको तर परिवारले खाली डोरीले मात्र वाधेर राखेको अवस्थामा संगिताले काठले सिधा राखेर वाधए सहज रुपले घाटीमा झुण्डाई स्वास्थ्य चौकी पठाएकी हुन । जसले गर्दा उनलाई थप जोखिम वाट वच्नुका साथै दुखाई पनि कम भएको थियो ।



यूवा संजालकी सदस्य संगिता कठायत भन्छिन् : मलाई सम विकास केन्द्र नेपालले ४ दिने प्राथमिक उपचार सम्वन्धी तालिम दियो यो तालिम मेरो लागि ज्यादै उपयोगि रहेकोछ । तालिममा सिकेका कुराहरु विद्यालय र समुदायमा प्रयोग गर्ने गरेको छु । जसले गर्दा समुदायमा घाउ चोटपछक लाग्दा घरायसि जडिबुडि लगाउने र घाउहरु पाक्ने र ठुलो समस्या आउने गरेको , चोटपटक लाग्दा स्वास्थ्य संस्था टाढा भएकाले धेरै रगत वग्ने गरेको आवस्थामा मैले समुदायमा प्राथमिक उपचार गरि स्वास्थ्य चौकी सम्म सुरक्षित पुऱ्याउनका लागि सहयोग गर्ने गरेको छु । जसले मलाई समुदायमा चिर परिचित गराएको छ । विद्यालयमा वालवालिकालाई चोटपटक लागेमा प्राथमिक उपचार गर्ने गरेका छौ । यस विद्यालयकी शिक्षक सुन्त वि.क भन्छिन् : प्राथमिक उपचार तालिम तथा अभ्यास पछि वालवालिकाहरुलाई विद्यालयमा हुने चोटपटक तथा सुमदायमा हुने घटनामा उनीहरु वाट नै प्राथमिक उपचार गर्न सहज भएको छ । सानातिना घाउ चोटपटक हुदाँ विद्यालयमा सफा गर्ने, मलम पट्टी लगाउने कार्यहरु गर्न सुक्ने भएका छन् । जसले गर्दा विरामीको थप अवस्था विग्रन नदिन सहयोग पुराएको छ ।

पहिले समुदायमा घाउ चोटपटक लाग्दा घरायसी जडीवुटी लगाउने विरामीको अवस्थामा ध्यान नदिने र अन्तीम अवस्थामा मात्र स्वास्थ्य चौकीमा लाग्ने गरेकाले विरामीहरु समस्या जटिल हुने गरेको अवस्थामा यूवाहरु समुदायमा पनि प्राथमिक उपचारको सेवा प्रदान गर्नाले विरामीहरुको विजनमा आउन सक्ने खतरावाट सुरक्षित भएका छन् ।

**प्राथमिकता नं ४ को बजेट विवरण (जनवरी देखि जुनसम्म)**

| स्विकृत बजेट | कुल खर्च | खर्च प्रतिशत |
|---|---|---|
| ६,३३,१२२। | १,३६,८१५। | २१.६० % |

**५. स्थानिय निकायहरुसंगको समन्वय तथा सहकार्यमा हामी के कस्ता नीतिगत कार्यहरुमा संलग्न भयौं र त्यसका उपलब्धीहरु के भए?**

यस अवधिमा स्थानिय तहको सहकार्यमा दिपायल सिलगढी नगरपालिका वडा नं. ५ र ९ लाई वालश्रम मुक्त वडा घोषणा कार्यक्रममा सहकार्य गरिएको छ सहकार्यको माध्यम बाट युवा परिचालन सहित वाल श्रम मुक्त वडाको लागी विभन्न अभियानहरु संचालन गरिएको छ । यसै गरि के आई सिंह गाउपालिकाको विपद सम्बनि कार्यविधिध निर्माण कार्यका लागी सहकार्य गरिएको छ । उक्त सहकार्य पछि पालिकाले विपद व्यवस्थापन कोष स कार्यविधि निर्माण गरि कार्य संचालन गरि रहेको छ । यसै गरि शिखर नगरपालिकालाई साक्षर पालिका घोषणा कार्यक्रमको लागी सहकार्य गरिएको छ । उक्त साक्षर पालिका घोषणा कार्यको लागी मापदण्ड निर्माण सहितको कार्यक्रममा सहभागी भईएको छ ।

**६. सामाजिक परिचालन तथा वकालत र पैरवीबाट आएका प्रमुख उपलब्धीहरु के थिए ? (प्रत्येक प्राथमिकता अन्तर्गत तपाइलाई महत्वपूर्ण लागेको एउटा मात्र उपलब्धि उल्लेख गर्ने)**

**७. भैतिक संरचना निर्माण तथा भौतिक सहयोगका कारण आएका प्रमुख उपलब्धीहरु के थिए ? (प्रत्येक प्राथमिकता अन्तर्गत तपाइलाई महत्वपूर्ण लागेको एउटा मात्र उपलब्धि उल्लेख गर्ने)**

कार्यक्षेत्रका ५ वटा स्वास्थ्य संस्थाहरुलाई सहज सुत्केरी सेवाको लागी सामग्रीहरु सहयोग गरिएको छ । उक्त सामग्री सहयोग पश्चात पहिलाहरुलाई सुत्केरी सेवा लिनको लागी सहज भएको छ । यस को विस्तृत उपलब्धि प्राथमिक क्षेत्र १ मा उल्लेख गरिएको छ ।

**८. संस्थागत विकाश सम्बन्धी कार्यक्रमहरु (उदाहरणका लाागि : सामाजिक लेखाजोखा, साधारण सभा, अनुगमन मूल्यांकन, लेखा परिक्षण, तालिम आदि)**

यस अवधिमा संस्था बाट कार्यक्षेत्रको अनुगमन गरिएको छ अनुगमनका बाट तपशिल बमोजिमका उपलब्धिहरु अनुगमन समितीले देखिएका छन । अनुगमनमा कार्य समिती सदस्य, संस्थाका अन्य सदस्यहरु र अनुगमन समितीको सहभागिता रहेको थियो ।

- समुह बैठक नियमितरुपमा भएको ।

- तरकारी उत्पादन, बाख्रा, बंगुर पालनबाट आम्दानि गरि जिविकोपार्जनमा सहयोग पुगेको छ (घरायसि खर्च, जीवन निर्वाह)
- अभियानहरुमा महिलाहरुको सहभागिता बढी रहेको छ र महिला, हलिया र श्रमिकका मुद्धालाई संबोधन गर्न सार्वजनिक दवाव, स्थानिय तहमा डेलिगेशन मार्फत मागको दावी गर्ने सक्षमता रहेको ।
- दलित बस्तिमा समुह निर्माण भएको ।

अनुगमन बाट निम्नलिखित सुधार गर्नु पर्ने पक्षहरु अनुगमन समितीले औल्याएको छ ।

- फिल्ड कर्मचारीले अभियानममुखि कार्यहरुमा बढि नियमितरुपमा परिचालित भई कार्य गर्नु पर्ने ।
- बचत तथा ऋण परिचालन भन्दा परियोजनाको लक्ष्य र उद्धेश्यमा रहि कार्य गर्ने ।
- परियोजनाका गतिविधिहरुलाई ईभेन्टमा आधारित भन्दा पनि सवालगत प्रकृयाको रुपमा अघि बढाउने ।
- स्थानिय तह मा प्रभावकारी समन्वय गर्नु पर्ने ।
- अझै पनि दलित घरधुरिहरु छुटेका छन जसलाई आवद्ध गर्नुपर्ने ।

सम विकास केन्द्र २०५३ सालमा दर्ता भई भाडाको घरमा बसि आफ्ना कार्यक्रमहरु संचालन गरेको थियो । यस वर्ष २०८० साल बैशाख १ गते देखि आफ्नै कार्यालय बाट कार्य संचालन गरि रहेको छ ।

सम विकास केन्द्र (ईडिसि) नेपाल, डोटी द्धारा संचालित स्थानिय अधिकार कार्यक्रमका कार्यक्रम संयोजक नरेन्द्र बहादुर वि.क संस्थाको सुचना अधिकार र द महिला नेटवर्क परियोजनामा कार्यरत कार्यक्रम अधिकृत रमा भण्डारी सेफ गार्डिन र जेसी फोकल पर्सनको जिम्मेवारी पाएका छन ।

**९. वालबालिका केन्द्रित कार्यक्रम अन्तर्गत के कस्ता कियाकलापहरु गरियो र यसबाट कस्ता उपलब्धिहरु हासिल भए तथा कस्ता चुनौतिहरु देखा परे ?**

विद्यलायमा गठन गरिएको वाल क्लबले आफ्नो वार्षिक योजनाको आधारमा विद्यालयका वाल विवाह, छाउपडी प्रथा, गुणस्तरिय शिक्षा, प्रजनन स्वास्थ्य, विभिन्न अतिरिक्त क्रियाकलापहरु आदीको बारेमा विभिन्न अभियानहरु संचालन गरेका छन । वाल क्लबको विभिन्न किसिमका अभियानको माध्यम बाट अहिले विद्यलायमा वालवालिकाहरको नियमित उपस्थिती रहने गरेको पाईन्छ । अहिले वालवालिकाहरुले शिक्षकलाई कुनै किसिमको डर नमानेर प्रश्नहरु सोध्ने गरेको पाईन्छ । २०२२ मा संचालन गरिएको रेमिडियल कक्षाले पनि अहिले वालवालिकाहरुको डर हराएको छ ।

**१०. बाल प्रायोजन सम्बन्धी गरिएका क्रियाकलापहरुमा कस्ता चुनौतिहरु देखा परे र कसरी समाधान गरियौ ? (समुदाय स्तरमा, बाल प्रायोजन प्रक्रिया सम्बन्धमा र बाल प्रायोजन सिस्टम (SK) संग सम्बन्धित)**

यस अवधिमा वाल प्रायोजना कार्यक्रम अन्तरगत १४१५ जना वालवालिकाहरुको वाल सन्देश संकलन गरिएको छ । साथै वाल प्रायोजना कार्यक्रम अन्तरगत जलवायु न्याय सम्बन्धि चित्रकला प्रतियोगिता कार्यक्रम सम्पन्न गरिएको छ । वाल प्रयोजना कार्यक्रम अन्तरगतका मुख्य चुनौतीहरुमा वालवालिकाहरु आमा बुवा संग भारत जानु, ठुला वालवालिकाहरुले चित्र बनाउन नमान्नु, ठुला वालवालिकाहरु आफ्नो घरमा रहेका साना भाई बहिनीहरुको हेरचाहा गर्ने कार्य गर्ने भएकाले नियमित विद्यालय नजानु आदी रहेका छन ।

**११. तपाईको संस्थामा समूदायका कुनै व्यक्ति, समूदाय वा सरोकारवालाहरुले यस बर्ष कार्यकम सम्बन्धि लिखित वा मौखिक रुपमा कुनै पनि प्रकारको सुझाव, सोधपुछ वा गुनासो दर्ता गर्नुभएको वा प्राप्त गर्नुभएको छ ? यदि छ भने कतिवटा लिखित र कतिवटा मौखिक थिए? साथै कसरी सोको पहल तथा समाधान गरियो ?**

| लिखित सुझाव, सोधपुछको संख्या तथा प्रकार | समाधान कसरी गरियो? | मौखिक सुझाव, सोधपुछको संख्या तथा प्रकार | समाधान कसरी गरियो? |
|---|---|---|---|
| | | | |
| | | | |

१२. अन्य कुनै छुटेका कुरा प्रतिवेदनमा राख्नु परेमा